सबैका लागि स्तरीय
# शिक्षा
Quality Education For All
वर्ष १, अंक २, जेठ–साउन, २०६२ (Vol. 1, Issue 2, June-Aug., 2005)

यस भित्र


- 'सबैका लागि शिक्षा'मा सरकारी कार्यक्रम -पृष्ठ २
- विद्यालयहरू असाध्यै निरंकुश संरचनामा चलिरहेका छन् : नेशियुका अध्यक्ष केशवप्रसाद भट्टराईसागको अन्तर्वार्ता -पृष्ठ ३
- विद्यालय शिक्षाको नयाा संरचनाको प्रस्ताव : डा. तीर्थराज खनियाा -पृष्ठ ५
- समुदायकै प्रयासमा दुर्गममा कम्प्युटर शिक्षा : घनश्याम खड्का -पृष्ठ ७
- असार महिनाको शिक्षा समाचार : एक चिरफार : सुदर्शन सिग्देल -पृष्ठ ८
- आधारभूत तथा प्राथमिक शिक्षा : एउटा असफल कार्यक्रम ! -पृष्ठ ८
- आवश्यक छ शिक्षा मन्त्रालयमा सुधार : अनमोलमणि - पृष्ठ १२


# विद्यालय आएका विद्यार्थी टिकाउने चुनौती

● राजन शर्मा

सरकारद्वारा राष्ट्रिय अभियानको रुपमा घोषित विद्यार्थी स्वागत तथा विद्यालय भर्ना अभियानको प्रचारबाट धनुषा जिल्लाको फूलगामा माविको कक्षा १ मा मात्र ७ सय विद्यार्थी भर्ना भए । स्थानीय सञ्चार माध्यमले विद्यार्थी भर्ना अभियानको 'सफलता'को समाचार छापे । भर्ना सकिएको करिब दुई सातापछि अनुगमनमा पुगेको जिल्ला शिक्षा कार्यालयका पदाधिकारी, युनिसेफ र पत्रकारहरूको टोलीले त्यहाँ करिब ५ सय ५० बालबालिका भेट्यो । तर, साउनको लगभग अन्ततिर विद्यालयमा पुग्दा करिब ५० बालबालिका मात्र छन् ।

जिल्ला शिक्षा कार्यालय मोरङले विद्यार्थी भर्ना अभियान २०६२ बाट कक्षा १ मा कूल ५ हजार थप विद्यार्थी भित्र्याउने लक्ष्य राखेको थियो । तर मोरङको एउटै स्रोत केन्द्र अन्तर्गतका विद्यालयमा चार हजार नौ सयको हाराहारीमा विद्यार्थी भर्ना भएपछि शिक्षा कार्यालय किंकर्तव्यविमुढ बन्नुबाहेक अर्को विकल्प थिएन ।

बाँके, नेपालगञ्ज भानु प्राविको कक्षा १ मा सोही अवधिमा भर्ना भएका ६ सय ८८ छात्रछात्रामध्ये अहिले आधाभन्दा बढी मात्र विद्यालयमा नियमित छन् ।

धनुषा, मोरङ र बाँके मात्र हैन, अधिराज्यका झण्डै तीन दर्जन जिल्लाका हजारौं विद्यालयहरूको स्थिति लगभग यस्तै छ । सरदर १५x२० फुट क्षेत्रफलको कोठामा तिलको दाना पनि नअट्ने गरी खाँदाखाँद गरेर राख्दा पनि नपुगेर झ्याल र ढोका बाहिर राखिएका विद्यार्थी र तिनीहरूका माझ चल्न हल्लिन नसक्ने गरी उभिएको निरीह शिक्षक - भर्ना अभियानको उच्च सफलतापछि पूर्वी र मध्य तराइका अधिकांश जिल्लामा देखिने आम दृश्य हो यो ।

एउटै शिक्षकले ३/४ वटा कक्षा सम्हाल्नु, एउटै कोठामा दुई वा बढी कक्षा चलाउनु, कतिपय विद्यालयमा त चर्को घाम वा झरीमा पनि कक्षा चलाउन बाध्य हुनु नियति नै बनेको छ ।

भर्ना अभियान सञ्चालन गर्ने क्रममा सरकारद्वारा व्यक्त प्रतिबद्धताको कार्यान्वयन अभावले कक्षा १ मा भर्ना भएका अधिकांश विद्यार्थी केही दिनपछि नै विद्यालयबाट बाहिरिए । धनुषा जिल्ला शिक्षा अधिकारी मित्रनाथ गड्तौलाको भनाइ छ, "यो ड्रप आउट (बीचैमा विद्यालय छाड्ने प्रवृत्ति) यति चर्को छ, जसलाई फेरि साधारण भर्ना अभियानले विद्यालय फर्काउन सकिदैंन ।"

भर्ना अभियान सञ्चालन गर्ने क्रममा आयोजित

**मोरङको विराटनगर नगरपालिकाकै वडा नं. ५, ७ र धनुषाको जनकपुर नगरपालिकाका वडा नं. १७ का दलित र आर्थिक रूपले अत्यन्त पिछडिएका चमार, डोम र मुसहर समुदायका एकैजना बालबालिकालाई पनि भर्ना अभियानले छुन नसकेको भेटियो । जनकपुर नगरपालिका क्षेत्रभित्रै पर्ने उक्त दलित बस्तीका लगभग सबै (३० जना) ५ देखि ९ वर्ष उमेर समूहका बालिकाको विवाह भैसकेको छ ।**

घरदैलो, र्‍याली र सञ्चारमाध्यमले शिक्षा विभागको निर्णयलाई उद्धृत गर्दै विद्यार्थी भर्ना भएकै दिन पाठ्यपुस्तक, छात्रवृत्ति र विशेष प्रोत्साहन छात्रवृत्ति लगायत सुविधा दिने बताइएको थियो । यद्यपि अभियान सम्पन्न भएको दुई महिनासम्म पनि सबैजसो जिल्ला शिक्षा अधिकारीहरू आफूलाई केही थाहा नभएको बताउँछन् । जिल्ला शिक्षा कार्यालयले कुनै पनि विद्यालयलाई यसबारेमा

(बाँकी दशौं पानामा)

छड्के

## हाकिमहरूलाई नै देख्न गाह्रो

एउटा सरकारी निकाय, जहाँ हरेक दिनजसो 'लन्च ब्रेक' हुन्छ । त्यही निकाय जहाँ एक कर्मचारीबारे अर्को कर्मचारीबाट कार्यालयीय जानकारी लिन पनि जी हजुरी गर्नुपर्छ ।

त्यतिमात्र होइन हाकिमहरूबीच नै बेमेल र मनमुटावको क्रम निरन्तर चलेको छ । जसरी तसरी कार्यालय भने चलेकै देखिन्छ । तर काम कति भएको छ भन्ने प्रश्न अनुत्तित नै छ । त्यसो त, यो निकाय अर्थात् उच्च माध्यामिक शिक्षा परिषद् लामो समयदेखि विवाद र अनियमितताको सन्दर्भले चर्चित पनि बनेको छ । प्रजातन्त्रको पुनर्स्थापनापछि बनाइएको यो निकायले नै नेपालभरका सरकारी र निजी उच्च माविहरूको स्वीकृति, अनुगमन र खारेजीसम्मको अधिकार राख्दछ । त्यतिमात्र होइन, ती शिक्षालयका कक्षा ११ र १२ को परीक्षा लिने र परिणाम प्रकाशन गर्ने सर्वाधिकार पनि यसमा निहीत छ ।

सरकारी निकायहरूमा खाजा खाने समयका लागि कार्यालयबाट बाहिर जाने समय दिइएको हुँदैन । तर शिक्षा मन्त्रालय मातहतको उच्च माध्यामिक शिक्षा परिषद्मा १:०० बजे पछि अधिकांश कर्मचारीहरू कार्यकक्षमा फेला पर्न मुस्किल पर्छ । उनीहरू अन्यत्र पनि गएका हुन सक्छन् तर सजिलो जवाफ भानेको खाजा खान गएको भन्ने नै हुने गरेको छ ।

उपल्ला तहका कर्मचारीहरू गोष्ठी, तालिम वा बैठकमा जाने गरेको भन्नेलाई मान्न सकिए पनि अन्य कर्मचारीको दैनन्दिनको अनुपस्थिति सामान्य मान्न सकिदैंन । भक्तपुरको सानोठिमीस्थित परिषद्को कार्यालयमा मध्यान्ह फाट्फुट् देखिने कर्मचारीबाट काम लिएर जानेहरू 'उहाँ त हुनुहुन्न', 'उहाँ लन्च' मा जानुभएको छ भन्ने जवाफ सुनिन्छ । "खाजा त खानैपर्ने हुन्छ तर सबै निकायमा काम बन्द गरेर लन्च ब्रेक गर्ने नियम छैन, कसैको का रोकिएको छ भने तत्काल कारवाही हुन्छ । परिषद्का प्रवक्ता सहसचिव नारायण कोइरालाको प्रतिक्रिया छ । धैरैजसो कार्यालयमा भेट्न नसकिने उच्च कर्मचारीमध्ये उहाँ पनि हनुहुन्छ भन्ने गुनासो पनि छ । तर उहाँको दाबी छ –'कार्यालय समय भन्दा पनि बढी समय दिएर म लाग्ने गरेको छु, सबैको बारेमा ठेक्का लिन भने सकिदैंन ।'

(बाँकी दशौं पानामा)

औपचारिक शिक्षाले जीवन गुजार्न सिकाउछ, स्वशिक्षाले भविष्य बनाउन सिकाउछ -जीम रोन

# 'सबैका लागि शिक्षा'मा सरकारी कार्यक्रम

**सन् २०१५ सम्ममा 'सबैका लागि शिक्षा' लक्ष्य हासिल गर्ने विश्वव्यापी प्रतिबद्धताअनुरुप सरकारले गत आर्थिक वर्षदेखि सबैका लागि शिक्षा २००४-९ कार्यक्रम लागू गरेको छ । यो दोस्रो वर्ष हो । चालु आ.ब.मा सरकारले यस कार्यक्रमअन्तर्गत गर्ने गतिविधि र बजेट यस्तो छः-**

| कार्यक्रम / क्रियाकलाप | आ.ब. २०६२/६३ को वार्षिक लक्ष्य (रु.हजारमा) | |
|---|---|---|
| | परिमाण | बजेट |
| **(अ) पूाजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू:** | | |
| नयाँ कक्षा कोठा निर्माण | १८०० | ३५२१०० |
| अस्थायी कक्षाकोठा | ११०० | ६०५०० |
| विद्यालय पुनर्स्थापना | १५०० | ३७५०० |
| विद्यालयको बाहिरी वातावरण विकास | ५९५ | ५९५०० |
| जिल्ला शिक्षा कार्यालय निर्माण | १३ | २४२८० |
| जिल्ला शिक्षा कार्यालय मर्मत सम्भार | १० | ४९९८ |
| आ.ब. २०६१/६२ मा निर्माण कार्य सञ्चालन सुरु भएका स्रोत केन्द्रहरूको निर्माण सम्पन्न | ३९ | १९७२० |
| **(क) पूाजीगत खर्च कार्यक्रमको जम्मा** | | **५५८५९८** |
| **(आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरू:** | | |
| **बाल विकास/पूर्व प्राथमिक शिक्षाको विकास** | | **१७६०२२** |
| नयाँ तथा पुराना बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षाका लागि सहभागी बालबालिका संख्याको आधारमा थप सहयोगी कार्यकर्ताको पारिश्रमिक समेत | १३०२३ | १३७१९९ |
| नयाँ बाल विकास केन्द्र स्थापना | ६००० | ६००० |
| बाल विकास केन्द्रका लागि शैक्षिक सामग्री | १३०२३ | १३०२३ |
| नयाँ बाल विकास केन्द्रका लागि तालिम | ६००० | ९००० |
| म्याचिङ फण्ड | १३०२३ | १०८०० |
| **सबैका लागि पहुाचको सुनिश्चितता** | | **११५९२२** |
| गाउँ शिक्षा योजना | | ११२५ |
| गाउँ शिक्षा योजना कार्यान्वयन | २२५ | ११२५ |
| **विद्यालय भौतिक सुधार** | | **३९३** |
| कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्राध्यानाध्यापकहरूलाई अभिमुखीकरण | १८०० | ३९३ |
| **वैकल्पिक विद्यालय** | | **४१८४२** |
| प्राथमिक शिक्षा विस्तार कार्यक्रम | ६०० | |
| सहयोगी कार्यकर्ताहरूको लागि पारिश्रमिक | ६०० | १३४६६ |
| नयाँ कक्षा स्थापना | ६०० | ११६ |
| शैक्षिक सामग्री | ६०० | २९०० |
| सहयोगी कार्यकर्ताहरूका लागि तालिम | ६०० | १३३२ |
| कक्षा व्यवस्थापन | ६०० | ३४८० |
| **अनौपचारिक प्राथमिक शिक्षा** | | |
| सहयोगी कार्यकर्ताहरूका लागि पारिश्रमिक | ५६२ | १३१३८ |
| नयाँ कक्षा स्थापना | | ११६ |
| शैक्षिक सामग्री | | १६७१ |
| सहयोगी कार्यकर्ताहरूका लागि तालिम | | २२८१ |
| कक्षा व्यवस्थापन | | ३३४२ |
| **विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि शिक्षा** | | **७२५६२** |
| समाहित शिक्षा | | २२७९ |
| स्रोतकक्षा सञ्चालन | ३३० | ३०००० |
| लेखाजोखा केन्द्र सञ्चालन | ४७ | ४०८९ |
| छात्रवृत्ति | ८००० | ३३६३९ |
| अतिरिक्त क्रियाकलाप | ६३ | ४९५ |
| नयाँ स्रोतकक्षाका लागि सामग्री | १० | १७० |
| सडक बालबालिकाहरूका लागि कार्यक्रम | २०० | १८९० |
| **सबैका सिकाइ आवश्यकताहरूको परिपूर्ति** | | **१७५३५** |
| **Dessimination of Curriculum & Text books Grade 1** | १३८११ | ४८६८ |
| स्थानीय स्तरमा पाठ्यक्रम पाठ्यपुस्तकको विकास | ७५ | ७५० |
| समुदाय परिचालन | ७५ | १००० |
| विद्यालयलाई सहयोग प्रदान गर्न गैरसरकारी एवं | | |
| सामुदायिक संस्थासँग साझेदारी | ७५ | ४५६७ |
| सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न र टिकाउन भर्ना सप्ताह एवं विद्यालय स्वागत कार्यक्रम | ७५ | १८३५ |
| मदरसा, गुम्बा र आश्रमहरूको संस्थागत समावेशीकरण | | ४५१५ |
| **निरक्षरताको न्यूनीकरण** | | **६७९२४** |
| महिला साक्षरता प्रथम | ५०००० | |
| सहयोगी कार्यकर्ताका लागि तालिम | | ३०१२ |
| सहयोगी कार्यकर्ताको पारिश्रमिक | | ११९९९ |
| सहभागीका लागि मसलन्द | | ४००० |
| निरीक्षण तथा मूल्यांकनका लागि पारिश्रमिक | | १००० |
| कार्यक्रम अनुगमन | | २०० |
| परीक्षा व्यवस्थापन | | ४० |
| दलित, जनजाति तथा अजङगका लागि प्रोत्साहन पुरस्कार | | १००० |
| प्रयोगात्मक कार्यका लागि सामग्री | | ३२० |
| सामग्री ढुवानी | | ३२० |
| महिला साक्षरता द्वितीय | ३८९६६ | |
| सहयोगी कार्यकर्ताका लागि तालिम | | १२०४ |
| सहयोगी कार्यकर्ताका लागि पारिश्रमिक | | ८९९५ |
| सहभागीका लागि मसलन्द | | ३००० |
| निरीक्षण तथा मुल्यांकनका लागि पारिश्रमिक | | ७५० |
| कार्यक्रम अनुगमन | | १५० |
| परीक्षा व्यवस्थापन | | ३०० |
| दलित, जनजाति तथा अजङगका लागि प्रोत्साहन पुरस्कार | | ७५० |
| सामग्री ढुवानी | | २४० |
| महिला शिक्षा द्वितीय उत्तीर्णहरूका लागि सीप विकास तालिम | ५००० | |
| बचत तथा ऋण तालिम | | १४४४ |
| विषयगत तालिम | | ४५८५ |
| सिड मनि | | ५५५६ |
| अनुगमन | | ५०० |
| उत्प्रेरकका लागि पारिश्रमिक | | ३१९२ |
| उत्प्रेरकका लागि सामग्री | | ५५६ |
| विद्यालय छाड्ने विद्यार्थीहरूका लागि कार्यक्रम | १२००० | |
| शैक्षिक उत्प्रेरकका लागि पारिश्रमिक | | ४८०० |
| कार्यक्रम सञ्चालनका लागि मसलन्द | | १२०० |
| शैक्षिक उत्प्रेरकका लागि तालिम | | ५८० |
| कार्यक्रम अनुगमन | | १३१ |
| सहभागीका लागि प्रोत्साहन पुरस्कार | | ६०० |
| सामुदायिक अध्ययन केन्द्र | १५० | ७५०० |
| **लैङ्गिक विभेद उन्मुलन** विद्यालयमा अध्ययनरत सबै दलित बालबालिकाहरूका | | **६२६२२१** |
| लागि छात्रवृत्ति विद्यालयमा अध्ययनरत छात्राहरूमध्ये ५०% गरिब | ५८३४४० | २९१७२० |
| छात्राहरूलाई छात्रवृत्ति (कर्णाली अञ्चल प्याकेज समेत) | ६४३९८२ | ३३३८०१ |
| सहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति | २५ | ७०० |
| **गुणस्तरीय शिक्षाका सबै पक्षहरूको अभिवृद्धि** विद्यालय सुधार योजना कार्यान्वयनका लागि एकमुष्ठ अनुदान (प्रति विद्यार्थी प्रति वर्ष रु. २७५, ३०० र ३२५ क्रमश: तराई र उपत्यका, पहाड र हिमाली | | **१४७३३७०** |
| जिल्लाहरूका लागि | ३५५०८१४ | १०४२५०० |
| विद्यालय व्यवास्थापन अनुदान वार्षिक प्रति विद्यालय रु ११००० | १७५६३ | १९३१९० |
| मसलन्द प्रति शिक्षक वार्षिक रु ३०० ८५ प्रतिशत विद्यार्थीहरूलाई कक्षा ५ सम्म टिकाएवापत् एकमुष्ठ | ८०७८८ | २४२३६ |
| प्रोत्साहन अनुदान प्रति विद्यालय रु १०००० प्रति वर्ष ९६ प्रतिशत खुद भर्नादर पुऱ्याउने र वर्षभरी नै सो कायम गर्ने गाउँ विकास समिति अन्तर्गतका विद्यालयहरूलाई वार्षिक रु | १०० | १००० |
| १००००/- का दरले प्रोत्साहन अनुदान | ९० | ९०० |
| स्रोतकेन्द्रहरूलाई अनुदान | १०९१ | ७६३७ |
| योजना तथा व्यवस्थापनसम्बन्धी तालिम २ दिने २ पटक | ३५४२४ | २१०१० |
| स्रोतव्यक्तिहरूका लागि तालिम | १०९१ | १५०० |
| विद्यालयस्तरीय शैक्षिक तथ्यांक (Flash Report I & II) | १५० | ५७७१ |
| स्थिति (प्रगति) प्रतिवेदन | ७५ | ३७५ |
| वार्षिक रणनीतिक कार्यान्वयन योजना, छपाई र प्रबोधिकरण | ७५ | ११२५ |
| कम्प्युटर तालिम तथा इन्टरनेट सेवा | २२५ | ११२५ |
| समुदायमा हस्तान्तरण हुने सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान | १५०० | १५०००० |
| विद्यालयको स्तर निर्धारणको पाईलटिङ गर्ने छात्रछात्राहरूको शिक्षामा निरन्तरता तथा विवरण अद्यावधिक | १००० | २५०० |
| (Child Tracking) गर्ने २०६१ को एसएलसीमा उत्कृष्ट नतिजा प्राप्त गर्नेग्रामीण क्षेत्रका माध्यमिक विद्यालयहरूलाई प्रत्येक विकास क्षेत्रमा ६ र नगर क्षेत्रका प्रति विकास क्षेत्र २ गरी | ६०००००० | ४५०० |
| जम्मा ४० माध्यमिक विद्यालयहरूलाई प्रति विद्यालय रु. ४ लाख एकमुष्ट अनुदान | ४० | १६००० |
| **तलब भत्ता तथा अन्य खर्च** | | **१४२९९९** |
| कार्यक्रम अनुगमन | ७५ | ३००० |
| तलब (स्रोतव्यक्ति १०९१ ओभरसियर २११, इन्जिनियर ४१ र लेखापाल ७५) | १२९६ | १२३२८८ |
| भत्ता (स्रोतव्यक्ति १०९१, ओभरसियर २११, इन्जिनियर ४१ र लेखापाल ७५) | १२९६ | १६७११ |
| ख) चालु खर्च कार्यक्रमको जम्मा | | २६१९९९१ |
| ग) कार्यक्रम खर्चतर्फको जम्मा (क + ख) | | |
| घ) उपभोग खर्च | | |
| ङ) कार्यालय सञ्चालन खर्च च) कूल जम्मा खर्च (ग + घ + ङ) | | ३१७८५८९ |

*(नोट: समुदायमा हस्तान्तरण हुने सामुदायिक विद्यालयहरूलाई एकमुष्ट अनुदानका लागि छुट्ट्याइएको रु. १५ करोडमध्ये ३.०३, ३.०५, ३.०७ तथा ४.०४ बाट क्रमश: रु. ४८६३६, ५८०८२, २७२९५ तथा १५९८७ कायम गरिएको छ ।)*

**नैतिकतामा नभएर मस्तिष्कमा मात्र प्रभावकारी शिक्षा पढ्नु भनेको समाज बिथोल्ने समूहको सिर्जना गर्नु हो। -थियोडोर रुजवेल्ट**

# विद्यालयहरू असाध्यै निरंकुश संरचनामा चलिरहेका छन्



**केशवप्रसाद भट्टराई**

**अध्यक्ष, नेपाल शिक्षक युनियन**

**गत चैतमा सम्पन्न नेपाल शिक्षक युनियनको पहिलो महाधिवेशनबाट *केशवप्रसाद भट्टराई* चार वर्षका लागि अध्यक्षमा निर्वाचित हुनुभएको छ। यसअघि उहाा नेपाल शिक्षक संघको अध्यक्ष हुनुहुन्थ्यो। उहाा विगत तीनदशकभन्दा बढी समयदेखि शिक्षण पेशामा संलग्न हुनुहुन्छ।**

**युनियनको नयाा कार्यसमितिले ‘विद्यालय प्रजातन्त्र’ को नयाा अवधारणा अगाडि सारेको छ। प्रस्तुत छ, सोही विषयमा केन्द्रित रही उहाासाग *सुदर्शन घिमिरे*ले गरेको कुराकानीका महत्वपूर्ण अंशहरू:-**

***युनियनले ...विद्यालय प्रजातन्त्र नामक कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। विद्यालय प्रजातन्त्र भनेको के हो र यसको आवश्यकता किन ?***

विद्यार्थीहरूमध्ये कोही *बोर्ड फष्ट* हुन र कोही *फेल* हुन विद्यालयमा भर्ना भएका होइनन्। संसारभरीको अनुसन्धानले भन्छ, सबै विद्यार्थीसँग फष्ट हुनसक्ने ल्यागत छ। एउटा पाटोबाट प्रश्नपत्र तयार पार्दा एउटाले राम्रो गर्न सक्यो र प्रथम भयो, अर्कोलाई त्यो भन्दा अलि फरकखालको प्रश्नपत्र चाहिन्थ्यो। त्यो वातावरण हामीले दिन सकेनौं। त्यसैले तिनीहरू फेल भएका हुन्। हरेकको रुचि, क्षमता, स्वभाव र आवश्यकताअनुसारको वातावरण दिनु स्कुल, शिक्षक, अभिभावक, शिक्षाविद्, सरकार र राज्यको दायित्व हो। यदि यस्तो हुने हो भने नेपालका अधिकांश विद्यार्थी प्रथम श्रेणीमा पास हुन सक्छन्।

दुर्भाग्यबस्, अहिले हामी कसैले पनि उनीहरूका कुरा सुनिरहेका छैनौं। अब त्यस्तो पद्धति चाहिएको छ, जसले विद्यार्थीका कुराहरू सुनोस्, बुझोस् र उनीहरूको आवश्यकता र रुचि अनुसार हिडिदिओस्। हरेक नागरिकका कुरा प्रजातन्त्रले सुन्छ भन्ने मान्यता राखिन्छ। त्यस्तै स्कुलमा पनि हरेक विद्यार्थीलाई कस्तो खालको वातावरण भएमा उत्तिकै र समान रुपमा अघि बढ्न सक्छन् भन्ने कुरामा ध्यान दिने निकाय र पद्धति पनि चाहिनु स्वभाविकै हो। विद्यालयमा त विभिन्न समुदायबाट विद्यार्थीहरू आएका हुन्छन्। उनीहरूको मातृभाषा, रीतिरिवाज, संस्कृति र मूल्यमान्यता आदि सबै कुरा आ-आफ्नै प्रकारका हुन्छन्। त्यसैले यी सबैलाई एउटै आँखाले हेरेर हुँदैन। अतः विद्यार्थीलाई सजिलो, रमाइलो र प्रभावकारी हुने शिक्षण कौशलको विकास गरी कक्षाकोठाको वातावरण पनि त्यसै अनुसारको तयार गरिनुपर्छ। जस्तैः विद्यालयमा प्रतिदिन सात घण्टी पढाइ हुन्छ। आज सात विषयमध्ये कुन विषय चाँहि पहिले पढ्छौ हँ भनी विद्यार्थीलाई सोधेर उनीहरूकै चाहनाअनुसार पढाए हुँदैन ? हप्तामा तीन दिन यो कोर्स पढ्नुपर्छ त्यसमध्ये तिमीहरू कुन पहिले र कुन विषयलाई पछाडि राख्न चाहन्छौ छान भनेर विद्यार्थीलाई नै निर्णय गर्न दिए के बिग्रन्छ र ? पढाइको सवालमा तिमीहरूले कस्तो वातावरणको अपेक्षा गरेका छौ, त्यसको लागि तिमीहरूले के कति गर्न सक्छौ र हामीले के गर्नुपर्‍यो भनेर विद्यार्थीसँग सुझाव मागेमा उनीहरू झन् चिन्तनशील र जिम्मेवार हुन्छन्।

अतः उनीहरूका असन्तोष, अप्ठ्याराहरूलाई विद्यालयले सुनिदिनुपर्छ र त्यसलाई सम्बोधन पनि गर्न सक्नुपर्छ। विद्यार्थीका असहमति र विरोधहरूलाई सकारात्मक रुपमा ग्रहण गरी तिनको समाधानको बाटोतिर लाग्न सिक्नुपर्छ। एकअर्काका रुचि र भावनाको सम्मान गर्ने, विरोधी विचारको कदर गर्ने जस्ता कुराहरू विद्यार्थीले विद्यालयबाट नै सिक्नुपर्छ। विद्यालयभित्र पूर्ण प्रजातान्त्रिक वातावरण छ भने उक्त विद्यार्थी विद्यालय शिक्षा सकेर समुदायमा आउँदा एउटा राम्रो प्रजातन्त्रवादी मान्छे भएर आउँछ। यसले मुलुकको प्रजातन्त्र र विकासलाई ठूलो सहयोग गर्छ। किनकि प्रजातन्त्र भनेको यथार्थमा जीवनशैली र आचारण नै हो। हरेक व्यक्तिको सार्वजनिक जीवनमा मात्र हैन, व्यक्तिगत जीवनमा पनि प्रजातान्त्रिक मूल्यमान्यताहरू देखिनुपर्छ। त्यसैले विद्यालय प्रजातन्त्रले विद्यार्थीलाई आलोचनात्मक, जिम्मेवार, सृजनशील र सहिष्णु बनाउन एकदमै महत्वपूर्ण भूमिका खेल्छ। यस्ता नागरिक तयार गर्नका लागि विद्यालय प्रजातन्त्रको अवधारणालाई मेचीदेखि महाकालीसम्म फैलाउन सक्नुपर्छ।

***त्यसो भए विद्यालयमा अहिले प्रजातन्त्र छैन ?***

हो, अहिले हाम्रा विद्यालयहरूमा प्रजातन्त्र छैन। असाध्यै निरंकुश संरचनाभित्र विद्यालयहरू चलिरहेका छन्। अझ निजी विद्यालयहरू त सामुदायिक विद्यालयको तुलनामा अझ बढी नै निरंकुश छन्। मैले माथि नै चर्चा गरिसकेँ, पढाईमा विद्यार्थीको सहभागिता गराउन नै सकिएको छैन। अभिभावकले पनि आफ्नो छोराछोरीको रुचि र ईच्छालाई प्राथमिकता दिने गरेका छैनन्। खासमा भन्नुपर्दा, विद्यार्थीहरूमाथि शिक्षक, अभिभावक, विद्यालय र समाज सबैले ठूलो दमन गरिरहेका छन्। शिक्षक-विद्यार्थीको सम्बन्ध निरंकुश र सामन्ती छ। शिक्षक र विद्यार्थी दुवै मानिस हुन्, फरक छ भने खाली उमेरको। तर शिक्षक र विद्यार्थीबीच समानताको आधारमा सम्बन्ध छैन। शिक्षकले आफू एकदमै ठूलो र विद्यार्थीहरू आफूभन्दा निक्कै तल्ला वर्गका मानिस सोच्छ। सोच्ने मात्र हैन, त्यस्तै व्यवहार गर्छ। झन् १, २ कक्षाका कलिला बालबालिकालाई त हामी शिक्षककहरूले एकदमै हेप्ने गरेका छौं। एक मानिस र अर्को मानिस बराबर हो भनेर हामी भन्छौं भने सबै विद्यार्थीहरू अझ स-साना बालबालिकाहरूलाई आफू समानका मानिसलाई दिने सम्मान र इज्जत दिनुपर्छ। तर दुर्भाग्यवस् विगतमा त्यस्तो हुनसकेन। परम्परागत सामन्ती, जमिन्दारी चिन्तन र संस्कारलाई हामीले छोड्न नसकेको र प्रजातान्त्रिक मूल्यलाई जीवनपद्धतिमा ढाल्न नसकेका कारण त्यस्तो भएको हो। परिणामस्वरुपः विद्यालयको निरंशुक संरचनाभित्र हुर्केबढेका कलिला मस्तिष्कहरू देशको प्रजातन्त्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि योग्य हुन सकेनन्। मैले पढाएका विद्यार्थीहरू सबै विद्यालय प्रजातन्त्रको अवधारणाको वातावरणबाट हुर्केका थिए भने आज मुलुकमा प्रजातन्त्रको यत्रो हाहाकार नै हुँदैनथ्यो। मैले पढाउन थालेको पनि तीस वर्ष भयो। तीस वर्षसम्म पढाउँदा त यो मुलुकको शैक्षिक चेतनाको स्तर त निक्कै माथि उठिसक्नुपर्ने। हरेक शिक्षित व्यक्तिको व्यक्तिगत चिन्तन र आचारण पनि प्रजातान्त्रिक मूल्यले भरिएको हुनुपर्ने हो नि ! तर खै ? अतः मलाई त यो मुलुकको प्रजातन्त्र संकटमा पर्नुका कारकतत्व राजा वा कुनै राजनैतिक दलका नेता मात्र हुन् जस्तो लाग्दैन। प्रजातन्त्रले आजको स्थिति झेल्नुमा म र म जस्ता शिक्षककहरू पनि जिम्मेदार छौं भन्ने लाग्दछ। त्यसैले विद्यालयमा प्रजातन्त्र आवश्यक छ भन्ने हाम्रो निष्कर्ष हो। विद्यार्थी प्रजातान्त्रिक जीवनशैली र आचारणका कुरा विद्यालयमै दीक्षित भयो भने देशकै प्रजातन्त्र पनि उत्तिकै फलदायी भैहाल्छ नि !

***तपाईंले विद्यालयमा निरंकुशता व्याप्त रहेको***

▶

**शिक्षा व्यक्ति र ज्ञानको भण्डारबीचको व्यक्तिगत सम्बन्ध हो, विद्यालय र क्याम्पससाग यसको कुनै सम्बन्ध छैन। -लिलियान स्मिथ**




***चर्चा गर्नुभयो । यो अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ ?***

विद्यमान अवस्थालाई सुधार्नका लागि कुनै एक व्यक्ति वा समूहलाई आफूखुशी छोड्नु हुँदैन । प्रजातन्त्रमा कसैले पनि कसैलाई भगवान मान्दैन । हरेक मान्छेका कमीकमजोरी हुन्छन् र ती कमजोरीहरू उनीहरूले गर्ने काममा देखिएका हुन्छन् । त्यसैले संस्थागत रुपमा काम गर्नका लागि सुधारका पद्धतिहरू चाहिन्छ । हामीले विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा समितिको गठन कसरी हुनुपर्छ भन्ने विषयमा मन्थन गरेर एउटा दस्तावेज नै तयार पारेका छौं । यसमा अविभावकहरू, विद्याथीहरू, शिक्षकहरू र स्थानीय जागरुक व्यक्तिहरूलगायत सबै पक्षको विद्यालयमा स्वामित्व हुनुपर्छ । निर्णय प्रक्रियामा सबै तहलाई समावेश गराइएपछि त्यसमा उनीहरूको उत्तरदायित्व र अपनत्व बढ्छ भन्ने मान्यताका आधारमा समावेशी ढाँचा तयार पारेका छौं । यो ढाँचालाई सरकारले नै अपनाउनुपर्छ, शिक्षाका नियमकानुनमा परिमार्जन गरेर । तर, यतिले मात्र पर्याप्त हुँदैन । सदियौंदेखिको सामन्ती र जमिन्दारी संस्कारको अन्त्य गर्न प्रजातान्त्रिक संस्कार र जीवनशैली अपनाउन शिक्षकहरूमै ठूलो जागरणको आवश्यकता छ । त्यसपछि शिक्षकले आफ्नो विद्यालय र विद्यार्थीमार्फत् समुदायलाई जागरुक तुल्याउनुपर्छ । यो काम हामीले मात्र गरेर हुँदैन । यसलाई त अभियानकै रुपमा लानुपर्छ र त्यसनिम्ति राजनैतिक दलहरू, सिंगो नागरिक समाज, पत्रकारिता जगत् र राज्यले नै आफ्नो एजेण्डाको रुपमा ग्रहण गर्नुपर्छ । र, तदनुरुप एकीकृत अभियान बनाएर अघि बढ्नुपर्छ । त्यसो हुनसकेको खण्डमा अहिलेको अवस्थामा ठूलो सुधार र परिवर्तन ल्याउन सकिन्छ ।

***नेपालमा जनस्तरमा शिक्षा सुरु भएको आधा शताब्दीभन्दापछि अहिले आएर हामीले यो कुराको खाचोको अनुभूति गर्नुको खास कारण के होला ? किन उहिल्यै यस्तो कुरा सोचिएनछ ?***

हामीले प्रजातन्त्रलाई दर्शन र विचारको रुपमा त बुझ्यौं तर पद्धति र जीवनशैलीको रुपमा बुझ्न सकेनौं । प्रजातन्त्र आएपछि सबै कुरा आफसेआफ हुन्छन् भन्ने कल्पनामा बाँचियो । हुँदै जाँदा यी सबै आदर्श मात्र रहेछन् । सिद्धान्त र व्यवहार भन्ने कुरा फरक-फरक रहेछन् । २०४६ सालमा पुर्नस्थापित बहुदलीय प्रजातन्त्र, जो आजको विश्व सभ्यता बनिसकेको छ, लाई समाप्त गरेर राजाले निरंकुश शासन लादेपछि हामीले आफ्नै बारेमा समीक्षा र पुर्नमूल्याङ्कन गर्‍यौं । र, विद्यालय प्रजातन्त्रको अवधारणा लागू गर्नैपर्ने निष्कर्षमा पुगेका हौं । खासमा भन्नुपर्दा, त्यतिबेला यो आवश्यकता कसैलाई अनुभूति नै भएको देखिदैंन ।

***यो अवधारणालाई कार्यान्वियन गर्नका लागि कस्ताखालका कार्ययोजनाहरू बनाउनुभएको छ ?***

यो अवधारणा आएकै केही महिना मात्र भयो । त्यसैले हामीले यसमा विस्तृत गृहकार्य गर्न भ्याइसकेका छैनौं । जिल्ला-जिल्लाका साथीहरूले यसको कार्ययोजनाको विस्तृत खाकाहरू पनि बनाएर आउनुपर्‍यो भन्ने मागहरू आइरहेको छ । हाम्रा अवधारणाहरूलाई मेचीदेखि महाकाली पुर्‍याउने माध्यम भनेको शिक्षक युनियन र शिक्षकहरूका विभिन्न संघ/संगठनहरू नै हुन् । संघ/संगठनका महाधिवेशनमा विभिन्न जिल्लाबाट आएका शिक्षक साथीहरूमार्फत् नै हाम्रा आफ्ना अवधारणाहरू फिँजाउने काम भइराखेको छ । यस्तैगरी शिक्षक युनियनका भावी दिनहरूमा हुने विभिन्न कार्यक्रमहरूमार्फत् आम शिक्षक साथीहरूमाझ हामी यो अवधारणालाई प्रचारप्रसार गर्नेछौं । यसलाई सबै शिक्षक साथीहरूले आत्मसात् गरिदिनुपर्छ । हामीले यो अवधारणा सकेसम्म राम्रैगरी बनाएका छौं तर यसमा कैयन् कमीकमजोरीहरू हुनसक्छन् । ती कमीकमजोरीहरूलाई हटाउने गरी यो सोचमाथि गम्भीर र सार्थक बहस चलाउन युनियनको तर्फबाट म सबै शिक्षक साथीहरूलाई हार्दिक आह्वान गर्दछु । यसैगरी यसलाई सञ्चारमाध्यमहरूले पनि व्यापक रुपमा प्रचारप्रसार गरिदिनुहुन तपाईंमार्फत् सबै सञ्चारकर्मी साथीहरूलाई अनुरोध गर्दछु । यसो भएमा हामीमा थप चुनौती थपिन्थ्यो र यसलाई अझ राम्ररी कसरी अघि बढाउने त भन्नेतिर हामी बढी केन्द्रित हुनसक्थ्यौं ।

***यसको परिणाम समाजले कहिलेसम्ममा चाख्न पाउला ?***

आज मैले पढाएको विद्यार्थी समाजमा कस्तो भएर निस्कला भन्ने कुरा हेर्नलाई त आगामी पन्ध्र/बीस वर्ष प्रतिक्षा गर्नुपर्छ । हामीले ल्याएका अवधारणाअनुसार अगाडि बढ्न सक्यौं भने आगामी १५/२० वर्षपछिको युवाजमात् आजकोभन्दा धेरै पृथक, प्रजातान्त्रिक र समाजकाप्रति बढी उत्तरदायी हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

***विद्यार्थीसम्म नवीन ज्ञान पुर्‍याउने माध्यम शिक्षक हो । तर एसएलसी, प्रवीणता प्रमाणपत्र वा स्नातक उत्तीर्ण गर्दा जुन ज्ञान प्राप्त गरेको हुन्छ, शिक्षक बनेर काम गर्न थालेपछि त्यसलाई अद्यावधिक गर्ने र नयाँ ज्ञान हासिल गर्ने ठोस् र भरपर्दो माध्यम छैन । यस्तो अवस्थामा शिक्षकहरूलाई नवीन ज्ञान र सूचनाहरूबाट कसरी अद्यावधिक गर्न सकिन्छ ?***

तपाईले एकदमै महत्वपूर्ण र सान्दर्भिक प्रश्न उठाउनुभयो । यो विषयमा हामी पनि चिन्तित नभएका होइनौं । हरेक दुईदेखि तीन वर्षभित्रमा संसारको ज्ञानको भण्डारमा दोब्बर वृद्धि हुन्छ । एकहप्ताभरीमा संसारका सबै मानिसहरूले इन्टरनेटका माध्यमबाट लिएका ज्ञान र त्यसबाट *डाउनलोड* गरेका सामग्रीहरूलाई समेटेर किताबी रुप दिने हो भने एक करोड नब्बे लाख ठूलठूला ठेलीहरू तयार हुन्छन् रे । बितेका तीन सय वर्षमा ज्ञान र प्रवधिको क्षेत्रमा संसारमा जति परिवर्तन भयो, आगामी ३० वर्षमा त्यो भन्दा पनि बढी परिवर्तन हुन्छ । त्यसैले नवीन ज्ञान र प्रवधिसँग अद्यावधिक हुनु अब हामी सबैकालागि अत्यन्त ठूलो चुनौती बनिसकेको छ ।

हामी शिक्षामा पछि पर्नुका मुख्य कारणहरू भनेको शिक्षकको ज्ञानको दायरा भनेको उही २० वर्ष पुरानो, पाठ्यक्रम राज्यले बनाइदिएको हुन्छ उही १० वर्ष पुरानो प्रविधिसँग सम्बन्धित अनि तोकिएको १ सय ८० दिन पनि विभिन्न कारणले पढाई सुचारु रुपले सञ्चालन हुनसक्ने अवस्था छैन भने यस्तो वातावरणबाट गुज्रिरहेका हाम्रा बालबालिकाहरूले आधुनिक प्रविधिको ज्ञानसम्मको पहुँचमा पुग्न सक्दैनन् । त्यसकारण हामीले शिक्षामा जतिसुकै धाक लगाएपनि योग्य र आत्मनिर्भर जनशक्ति तयार गर्न सकेकै छैनौं । मुस्ताङमा त सौर्य ऊर्जा प्रविधिको प्रयोगबाट कम्प्युटर चलाएर ईमेल, इन्टरनेटको सुविधा उपलब्ध गराइएको छ त्यस्तै म्याग्दीको दुर्गम गाउँमा पनि महावीर पुनले यस्तैखालको प्रविधि पुर्‍याएका छन् भने राज्यले त शिक्षक-विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरू पर्याप्त मात्रामा नीतिगत रुपमा समान तरिकाले पुर्‍याउनैपर्छ । आधुनिक शिक्षा र प्रविधिसँग शिक्षक-विद्यार्थीलाई अद्यावधिक राख्नका लागि प्रत्येक विद्यालयमा इन्टरनेटको सुविधा पुग्नुपर्छ र पुर्‍याउनुपर्छ । एउटा कोठामा बसेर संसारको कुनैपनि मुलुकले प्रयोग गरेको ज्ञानको प्रविधि र प्रकारको बारेमा जान्न र देख्न सकिने माध्यम आइसक्दा पनि हामी भने एकादेशको कथाकै रुपमा त्यसलाई लिन थाल्यौं भने यो देशको शिक्षाको उन्नति कहिले होला ? त्यसैले मेरो विचारमा सरकारले वृहद् योजना बनाएर आगामी ५/७ वर्षभित्र देशभरका सबै विद्यालयमा कम्प्युटर र इन्टरनेट पुर्‍याउनुपर्छ । शिक्षकलाई ज्ञान र सूचना अद्यावधिक गर्ने योभन्दा वैज्ञानिक र उपयुक्त माध्यम अर्को छैन ।

***मुलुकमा विगत १० वर्षदेखि निरन्तर रुपमा चल्दै आएको हिंसात्मक द्वन्द्वले विद्यालय शिक्षामा कस्तोखालको असर पारेको छ ?***


यस विषयमा विस्तृत अध्ययन त हामीले गरेका छैनौं । तर पनि हामीले देखेका, सुनेका र भोगेका कुराहरूको अनुभवका आधारमा भन्नुपर्दा हिंसात्मक द्वन्द्वले शिक्षा क्षेत्रलाई पनि ठूलो असर परिरहेको छ । माओवादी र राज्य दुवै तर्फबाट गरी हाम्रा सयौं साथीहरू मारिएका छन्, सयौंको अङ्गभङ्ग गरिएका छन् । त्यस्तै हजारौं साथीहरू




(बाकी छैठौं पानामा)

# विद्यालय शिक्षाको नयाँ संरचनाको प्रस्ताव

**विद्यालय शिक्षा आफैंमा सृजनर्शील र क्षमतावान् नागरिक सृजना गर्न सक्षम हुनेछ । तर पनि विद्यालय शिक्षा र उच्च शिक्षाबीचको सामञ्जस्यताको प्रत्याभूति हुनुपर्छ । विद्यालय शिक्षाको गुण र स्तर उच्च शिक्षाको लागि कुनै पनि अन्तर्राष्ट्रिय शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षाको लागि सक्षम हुनेछ र कामको विश्वको लागि पनि पूर्ण तयार हुनेछ ।**



■ डा.तीर्थराज खनियाँ

विद्यालय शिक्षालाई १२ वर्षको बनाउनु विश्वभर कुनै नयाँ विषय होइन । नेपालमा सर्वप्रथम सन् १९८३ मा शाही उच्च शिक्षा आयोगले यो धारणा ल्याएको थियो । आयोगको मुख्य कार्य भनेको नयाँ शिक्षा प्रणाली योजनाको परिप्रेक्ष्यमा उच्च शिक्षामा त्रिभुवन विश्वविद्यालयको कार्यक्षमताको मूल्यांकन गर्नु भए पनि यसले विद्यालय शिक्षाबारे पनि अध्ययन गर्‍यो । उच्च शिक्षा मूल्यांकनको क्रममा आयोगले के महशुस गरेको देखिन्छ भने प्रवीणता प्रमाणपत्र तहमा जाने उमेर नपुगेका विद्यार्थीहरूलाई नियन्त्रण गर्न नसकिए उच्च शिक्षाको गुणस्तर बढ्नै सक्दैन । १६-१७ वर्षको उमेरमा प्रमाणपत्र तहमा पुग्ने विद्यार्थीहरू स्नातक र स्नातोकोत्तर विद्यार्थीहरूको प्रभावमा परी अतिवादी राजनैतिक क्रियाकलापमा समावेश हुन्छन् भन्ने कुरा थियो । राजनीतिको पक्ष र विपक्षमा बोल्न सक्ने उमेर अगाडि नै त्यो अवस्था सिर्जना हुनुले उनीहरू *लेक्चर*केन्द्रित शिक्षण प्रवृत्तिमा घुलमिल हुन सक्दैनन् । यो उमेर समूहका विद्यार्थीहरूलाई उच्च शिक्षासँगै दिइने शिक्षाले उनीहरूको भविष्यमाथि नकारात्मक प्रभाव पार्ने आयोगको ठहर रह्यो । विद्यालय शिक्षा सकाउने र काम गर्ने वा उच्च शिक्षामा जाने भन्ने निर्णय गर्नेको लागि १६ वर्ष उमेर अलि चाँडो भएको आयोगले विश्वास गरेको देखियो । अतः आयोगले विद्यमान १० वर्षे विद्यालय शिक्षालाई १२ वर्षेमा लम्ब्याउन नेपालको सम्पूर्ण शिक्षा प्रणालीलाई मूल्यांकन गर्न सुझाव दियो । एसएलसी उतीर्ण गरेकाहरूलाई आफ्नो भविष्यबारे निर्णय गर्ने वातावरण सहज बनाउनको लागि विद्यालय व्यवस्थापनमै नै थप २ वर्ष अध्ययन निरन्तरता गराउनुपर्ने सुझाव दिईयो ।

त्रिभुवन विश्वविद्यालय प्रविणता प्रमाणपत्र तहमा भौतिक र मानवीय स्रोत धेरै लगानी गरेको कारण आयोगले उच्च शिक्षाको गुणस्तरबढाउन त्रिविविले यसैमा मात्र ध्यान पुऱ्याउन नसके त्यो सम्भव नहुने महसुस गर्‍यो । यसको पछाडिको तथ्य के रह्यो भने स्नातक र स्नातोकोत्तर तहमा भन्दा प्रप्रप्र तहमा विद्यार्थीको अत्यधिक चाप छ जसले उच्च शिक्षामा गर्नुपर्ने लगानी प्रमाणपत्र तहमा भएको छ । साझेदारहरूसँग अन्तरक्रिया र क्याम्पस मूल्यांकनको आधारमा त्रिविविले प्रमाणपत्र तहलाई नछुट्याएसम्म र आफ्ना सबै स्रोत उच्च शिक्षामा लगानी नगरेसम्म त्रिविविले नेपालको उच्च शिक्षामा गुणस्तर बढाउन नसक्ने निष्कर्ष आयोगले निकालेको थियो । त्यसैले आयोगले विद्यालय प्रणालीलाई उच्च दिशातिर बढाउन थप २ वर्ष थप्न सुझाव दियो । यसको तात्विक अर्थ के थियो भने प्रमाणपत्र तह हटाइनुपर्छ र यो विद्यालय शिक्षामा गाभिनुपर्छ ।

सन् १९८८ मा प्रमाणपत्र तह विश्वविद्यालयबाट हटाई विद्यालय शिक्षा १२ वर्षको बनाउन यसैमा गाभ्नुपर्ने विषयमाथि विभिन्न मञ्चहरूमा शिक्षाविद्हरूबीच धेरै छलफल र विचार-विमर्श भयो । अन्य क्षेत्रबाट पनि यस विषयमाथि सुझावहरू आए । यिनै अभ्यासमा केन्द्रित रही सरकारले विद्यालय शिक्षा प्रणालीमा २ वर्ष थप्ने निर्णय गर्‍यो । यसलाई कार्यान्वयन गर्नको लागि उच्च माध्यमिक शिक्षा ऐन, २०४६ राष्ट्रिय पञ्चायतको अन्तिम अधिवेशनबाट पारित भयो । यो ऐनको प्रस्तावनामा नै १० वर्ष विद्यालय शिक्षामा २ वर्ष थपेगरी उच्च माध्यमिक शिक्षा सिर्जना गरिनेछ भनिएको छ । अतः उच्च माध्यमिक शिक्षा विद्यालय शिक्षाको अग्रगमनको रूपमा स्थापित भयो । यद्यपि ऐनमा कसरी प्रमाणपत्र तह हटाउने वा त्रिविविलाई प्रमाणपत्र तहमा विद्यार्थी भर्ना कसरी रोक्ने भनेर केही भनिएको थिएन । यहि परिप्रेक्ष्यमा कक्षा ११ र १२ का विद्यार्थीको शिक्षा हेर्ने गरी कार्यान्वयन संस्थाको रूपमा उच्च माध्यमिक शिक्षा परिषद् निम्न विषयहरू गर्नेगरी सन् १९९२ मा स्थापना भयो ।

- कक्षा ११ र १२ सञ्चालन गर्न विद्यालय वा संस्थालाई स्वीकृति दिने ।
- यी कक्षाहरूका लागि पाठ्यक्रम विकास गर्ने ।
- उच्च माध्यमिक शिक्षाको परीक्षा सञ्चालन गर्ने ।

### उमाशिको माध्यमद्वारा शैक्षिक सुधारमा परिकल्पनाहरू

१. नवीन पाठ्यक्रम, अध्ययन-अध्यापन पद्धतिमा आधुनिकीकरण, विद्यार्थी मूल्यांकनमा वैज्ञानिक विश्वसनीय र सर्वमान्य तरिका, क्षेत्रीय असन्तुलनमा कमी एवं ग्रामीण, महिला, गरिब जस्ता पिछडिएका समूहहरूलाई बढी पहुँच र समताको आधारमा आमूल शैक्षिक पुर्नसंरचना ।
२. शिक्षालाई जनताका आवश्यकता र आंकाक्षा पूरा गर्न सक्षम बनाउने ।
३. शिक्षक र शैक्षिक प्रशासकहरूको क्षमता वृद्धि गरी यो तहमा शिक्षाको गुण र प्रभावकारिता उकास्ने ।
४. त्रिविविलाई स्नातक र स्नातोकोत्तरमा बढी ध्यान दिन प्रोत्साहन गर्ने ।
५. विद्यालय शिक्षालाई अन्तर्राष्ट्रिय प्रवृत्तिसँग मिलाउने ।
६. विद्यालय शैक्षिक शिक्षाको शिक्षण तथा मूल्यांकन सुधार गर्ने ।

### प्रस्तावित उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा एकीकृत गर्ने

विद्यालय शिक्षाको परिकल्पना (कक्षा १-१२) : सरकार निम्न नीतिगत सवालहरूमा सहमत भई अरू कुरा गर्नुअघि त्यसको लागि व्यवस्था गर्नुपर्छ । विद्यालय शिक्षा स्वतन्त्र, आफैंमा पूर्ण, *टर्मिनल* र स्वायत्त प्रकृतिको हुनुपर्छ । अनि मात्र यो समाजका आवश्यकताहरूप्रति सम्वेदनशील हुन्छ । यसले आशा गरे जति मात्र सेवा पुऱ्याउने होइन, त्यो भन्दा बढी भविष्यको लागि दृष्टि भएका जनता निर्माण गर्न नेतृत्व दिनुपर्छ । यो अवस्था सिर्जना गर्नको लागि विद्यालय शिक्षा उच्च शिक्षाको तयारी हो भन्ने धारणाबाट बिल्कुल टाढा हुनुपर्छ । अतः विद्यालय शिक्षा आफैंमा पूर्ण हुनुपर्छ । यद्यपि विद्यालय शिक्षाको उच्च शिक्षासँग समन्वय हुनुपर्छ । साथै विद्यालय शिक्षाको अन्य उत्पादनशील क्षेत्र जस्तै, उद्योग, व्यवसाय, व्यापार, पर्यटन, कृषि, आदिसँगको समन्वय पनि उत्तिकै महत्वपूर्ण हुन्छ । विद्यालय शिक्षाको भावी सुधारले यी पक्षहरूलाई ध्यान दिनुपर्छ ।

### राज्यले निम्न परिकल्पनाहरूलाई नीतिमा परिवर्तन गर्नुपर्छः-

१) विद्यालय शिक्षालाई लम्ब्याएर १२ वर्षको बनाइनुपर्छ (कक्षा १-१२) । कक्षा १२ को परीक्षा एसएलसी परीक्षा हुनुपर्छ । कक्षा ११ को परिक्षाको जिम्मेवारी विद्यालयको हुनेछ । कक्षा ९-१२ सम्मको शिक्षा विद्यालयको ढाँचा अनुरूप व्यवस्थापन गरिनुपर्छ । कक्षा १० पछि विद्यार्थीहरूलाई प्राविधिक/व्यवसायिक शिक्षा एवं उच्च शिक्षा अध्ययनको निरन्तरताको लागि कुनै एक रोज्न दिइनुपर्छ ।
२) विद्यालय शिक्षा आफैंमा पूर्ण र स्वायत्त

▶

हुनुपर्छ। विद्यालय शिक्षा उच्च शिक्षाको तयारीले भन्ने धारणा विद्यालय शिक्षालाई निर्देशित गर्नु हुँदैन भन्ने यसको मान्यता हो। विद्यालय शिक्षा आफैंमा सृजनशील र क्षमतावान् नागरिक सृजना गर्न सक्षम हुनेछ। तर पनि विद्यालय शिक्षा र उच्च शिक्षाबीचको सामञ्जस्यताको प्रत्याभूति हुनुपर्छ। विद्यालय शिक्षाको गुण र स्तर उच्च शिक्षाको लागि कुनै पनि अन्तर्राष्ट्रिय शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षाको लागि सक्षम हुनेछ र कामको विश्वको लागि पनि पूर्ण तयार हुनेछ।

३) उच्च माध्यमिक शिक्षासमेतको विद्यालय शिक्षाले एकद्वार प्रणाली (विभेद नभएका- भाषा, गणित, विज्ञान र सामाजिक अध्ययन मूख्य पाठ्यक्रम हुने) पछ्याउनेछ। यद्यपि उच्च शिक्षामा निरन्तरता दिन अतिरिक्त विषय राख्न सकिनेछ।

४) सार्वजनिक र निजी दुवै माध्यमिक र उच्च माध्यमिक विद्यालय दुवैले विद्यालय शिक्षा प्रदान गर्नेछन्।

५) भौगोलिक विकटता, आर्थिक र सामाजिक अवस्थाका बाबजुद पनि विद्यालय जाने उमेरका बालबालिकाहरूको माध्यमिक र उच्च माध्यमिक शिक्षामा पहुँच हुनेछ।

६) अवस्थिति र सामाजिक-आर्थिक अवस्थाका बाबजुद सबै विद्यालयहरूमा आधारभूत भौतिक र Instructional सुविधाहरू तथा दक्ष र तालिम प्राप्त शिक्षक हुनुपर्छ।

७) नेपाल विद्यालय शिक्षा बोर्डको गठन भै खासगरी एसएलसी परीक्षा सञ्चालन र सामान्यत अन्य परीक्षा समन्वय (कक्षा ५- स्रोत केन्द्र तह, कक्षा ८- जिल्ला तह, कक्षा १०- क्षेत्रीय) एवं पाठ्यक्रम, पाठ्यपुस्तक, अनुगमन, मूल्यांकन, शिक्षकको लागि पेशागत सहयोग र शिक्षक तालिम सञ्चालन गर्नेछ।

८) उच्च माध्यमिक शिक्षामा राज्यले महत्वपूर्ण आर्थिक सहयोग गर्नुपर्छ।

९) विद्यालय व्यवस्थापनमा मिल्नेसम्म समुदायको सहभागिता रहनेछ। शिक्षकलाई पेशागत सहयोग गर्न सरकारी संयन्त्र हुनेछ। ट्युसन फी वा अन्य किसिमले समुदायले लागत भार बाँड्नको लागि माध्यमिक एवं उच्च माध्यमिक तहमा स्थानीय स्रोत जुटाउने छन्। जसले यस्तो कार्यमा सहयोग गर्न नसक्ने आर्थिक अवस्थामा छन्, उनीहरूलाई छात्रवृत्ति दिइनेछ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तक
- पाठ्यपुस्तक विकास
- सम्बन्धन
- शिक्षक तयारी आपूर्ति
- कक्षा १० पछि प्राविधिक एवं व्यवसायिक शिक्षा

**नेपाल विद्यालय शिक्षा बोर्ड (NSEB)**

नेपाल विद्यालय शिक्षा बोड (नेविशिबो) स्थापना गरिनुपर्छ। माथिका व्यवस्थासहित बोर्ड स्थापना गर्न, लक्ष्य सँग कानुनी हैसियत हुनुपर्छ। कानुनी हैसियतपूर्ण बोर्डको स्थापनाको लागि बहस गर्नु आवश्यक देखिन्छ। किनभने बोर्डका अधिकार र कर्तव्य संसद्को ऐनले गर्नेछ र त्यो एकचोटी भयो भने त्यसमा परिवर्तन संसद्ले मात्र गर्नसक्छ। यस्तो व्यवस्था नभै स्थापित बोर्डले विगतमा एसएलसी र उमावि बोर्डले नेतृत्वमा बस्ने र परीक्षा नियन्त्रक राख्ने सवाल एवं एसएलसीमा बोर्डलिष्ट राख्ने/नराख्ने भन्ने सवालमा भोगेका जस्ता समस्याहरू सामना गर्नुपर्ने हुन्छ। कानुनी दायराभित्रको बोर्डले हजारौं विद्यार्थीको भविष्य र वास्तवमा सम्पूर्ण समाजको भविष्यको शिक्षामा निर्णय गर्ने संस्थालाई आवश्यक महत्व र स्थिरता दिनेछ।

**आधारभूत ...गाइडलाइन**

प्रस्तावित संरचनाका निम्नानुसारको गाइडलाइनहरू हुनेछन्:-

१. प्रस्तावित बोर्डको स्वायत्त संस्थागत संरचना हुनेछ।

२. बोर्डमा निहित अधिकार स्पष्टरूपमा हुनुपर्नेछ। यसो भयो भने मात्र अन्य किसिमको काममा हस्तक्षेप बन्द भै यसले आफ्ना अधिकारभित्र रहेर स्वतन्त्र रूपमा काम गर्न पाउनेछ।

३. बोर्डको विद्यालयस्तरीय पाठ्यक्रम एवं पाठ्यपुस्तक, शिक्षक तालिम तथा परीक्षाको समन्वयन गर्ने पूर्ण अधिकार हुनेछ। यस्तो परिस्थितिमा मात्र प्राविधिक गुणस्तरीयता कायम गर्न यिनीहरूबीच एकरूपको सम्बन्धको प्रत्याभूति हुनेछ।

४. कक्षा ५ को परीक्षा स्रोत केन्द्र स्तरमा, कक्षा ८ को जिल्लास्तरमा, कक्षा १० को विकास क्षेत्र स्तरमा र कक्षा १२ को राष्ट्रिय स्तरमा लिईनेछ।

*(त्रिविविका प्राध्यापक एवं उच्च माध्यमिक शिक्षा परिषद्का पूर्व उपाध्यक्ष खनियाँले शिक्षा पत्रकार समूहद्वारा गत जेठ ११ मा आयोजित 'विद्यालय शिक्षाको सुधार' विषयक अन्तरक्रियामा प्रस्तुत गर्नुभएको कार्यपत्रको प्रमुख अंश -सम्पादक)*

## विद्यालयहरू असाध्यै...

विस्थापित भएका छन्। विद्यालयको वातावरण सन्त्रासपूर्ण छ। कतैबाट नौलो मान्छे विद्यालयको बाटो गरी आएको देख्नेबित्तिकै शिक्षकहरूको सात्तो उड्न थाल्छ। किनकि हामी सबैलाई थाहा भएकै कुरा हो विद्यालयमा अध्यापन गराइरहेका शिक्षकहरूले विभिन्न बाहनामा ज्यान गुमाइरहेका छन्। त्यस्तै विद्यार्थीहरूलाई पनि कतिबेला अपहरण गरेर कता पुऱ्याउने हो र फर्केर फेरि आफ्नो घरगाउँ फर्किन पाइएला कि नपाइएला भन्ने ठूलो डर र त्रास छँदैछ। अभिभावकहरूलाई आफ्नो सन्तान विद्यालयबाट सकुशल नफर्कने पो हो कि भन्ने उत्तिकै चिन्ता छ। त्यसैले यस्तो अवस्थामा कसरी विद्यार्थीले पढ्न र शिक्षकले पढाउन सक्छन्? आफ्नै आँखा अगाडि वीभत्स र क्रुरतम् ढङ्गले रेटेर मान्छे मारिरहेका दृश्यहरू देख्नु आज विद्यार्थीशिक्षकलगायत सबैको नियति नै बनिसकेको छ। यसको मनोवैज्ञानिक प्रभाव सबैभन्दा बढी विद्यार्थीमा परेको छ भन्ने मलाई लाग्छ।

***तत्कालै विद्यालयमा सशस्त्र द्वन्द्व र हिंसाको असर घटाउनका लागि कुन निकायले के गर्न सक्छ भन्ने लाग्छ?***

ठोस रुपमा भन्नुपर्दा समग्र राजनैतिक समाधानकै विषयमा सोच्नुपर्छ। शिक्षालाई मात्र छुट्याएर यसो-यसो गर्न सकिन्छ भन्ने अवस्था अहिले छैन। तैपनि विद्यालयको हाताभित्र कुनै पनि पक्षले सशस्त्र उपस्थिति जनाउने वा एक अर्कोलाई आक्रमण गर्ने काम बन्द गर्नसक्छन्। कुनै पनि बाहनामा शिक्षक र विद्यार्थीलाई दुवै पक्षले शारीरिक वा मानसिक यातना दिने काम बन्द गर्न सक्छन्। यदि मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र र युद्धसम्बन्धी जेनेभा महासन्धिलाई मात्र पालना गर्ने हो भने पनि यो ज्यादती सरकार र माओवादी दुवैले कहिल्यै गर्नुहुँदैनथ्यो। यदि यसो हुनसक्यो भने पनि तत्काल महत्वपूर्ण उपलब्धि हुन्थ्यो।

***शिक्षक युनियनको स्थापना भैसकेपछि त नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन, शिक्षक मञ्च जस्ता संस्थाहरूको के काम? यी संगठनहरूलाई विघटन गरिदिए पनि हुँदैन र?***

**आफ्नै आाखा अगाडि वीभत्स र क्रुरतम् ढङ्गले रेटेर मान्छे मारिरहेका दृश्यहरू देख्नु आज विद्यार्थीशिक्षकलगायत सबैको नियति नै बनिसकेको छ। यसको मनोवैज्ञानिक प्रभाव सबैभन्दा बढी विद्यार्थीमा परेको छ भन्ने मलाई लाग्छ।**


अहिलेको शाही सरकारले पनि त्यही कुरा अगाडि ल्याइरहेको छ। शिक्षकहरूको पेशागत संगठनहरूले राजाको निरंकुश शासनको विरुद्धमा शान्तिपूर्ण विरोधमा उत्रिएका छन्। देशव्यापी सञ्जाल भएको सचेत र जनमत बनाउनसक्ने सामर्थ्य राख्ने हामी शिक्षकहरूको संगठनलाई विघटन गरेर दरवारले आफ्नो निरंकुश सत्तालाई टिकाउने दाउ गरेको सहजै अनुमान गर्न सकिन्छ। जहाँसम्म शिक्षक युनियन अस्तित्वमा आइसकेपछि शिक्षक संघ/संगठनको औचित्य छैन भन्ने सवाल छ, मलाई त्यस्तो लाग्दैन।

हामी पनि अहिले महासंघीय अवधारणामा छौं। सुन्तले एकीकरण चाहिँ भइसकेको छ अब स्याउजस्तो बनाउने प्रयास भैरहेको छ। ताकि केस्रा-केस्रामा विभाजन नहोस्। विविधताले महासंघीय अवधारणालाई सहज रुपमा मिलाउन सहयोग गर्छ। सानो भैकन पनि विविध जातजाति र भाषाभाषी भएको हाम्रो जस्तो मुलुकमा संघीय अवधारणाको खाँचो पर्छ। हामी अब यही दिशामा अगाडि बढ्दैछौं।

***अन्त्यमा, युनियनसाग आगामी चार वर्षका लागि कस्ता खालका ठोस कार्यक्रम र योजनाहरू छन्?***

हामीले अल्पकालीन र दीर्घकालीन गरी दुई खालका कार्यक्रमहरू तय गरेका छौं। अल्पकालीन कार्यक्रम अन्तर्गत तत्काल शिक्षा र शिक्षकका समस्याहरूलाई संयोजन गरेर समाधानका लागि आवश्यक नीति र पद्धतिहरू निर्माण गर्दै जाने सोच छ। दीर्घकालीन योजनाका रुपमा चाहिँ हामीले अलि बेग्लै सोच राखेका छौं।

ल्याटिन अमेरिकालगायतको पश्चिमी देशहरूमा भएको एउटा अनुसन्धानमा गरिबीको रेखामुनि रहेकामध्ये ९० प्रतिशतले स्कूल शिक्षा प्राप्त गरेका पाइयो। यसबाट स्पष्ट हुन्छ कि माध्यमिक तहको शिक्षा उत्तीर्ण गरेकाहरूमध्ये १० प्रतिशत मात्रै गरिबीको रेखामुनि रहेछन्। बाँकी ९० प्रतिशतहरू गरिबीको रेखामाथि रहेछन्। यसको सोझो अर्थ हो, समाजको गरिबी, पछौटेपन शिक्षासँग सोझै जोडिएको विषय रहेछ। त्यसैले शिक्षालाई मुलुकको सामाजिक, आर्थिक विकासको इञ्जिनको रुपमा प्रयोग गर्नका लागि आवश्यक सोच र पूर्वाधारहरू आवश्यक छ। त्यसैले हामीले यस्ता कुरालाई केन्द्रमा राखेर अघि बढ्ने सोच बनाएका छौं। पेशागत संगठनहरूले पनि आफ्नो हकहितका कुराका लागि मात्र होइन, सामाजिक परिवर्तन र विकासका लागि आफ्ना भूमिका निर्वाह गर्नुपर्छ। राष्ट्रिय लक्ष्यहरूभित्रबाट आफ्ना कार्यक्रमहरू खोज्नुपर्छ। जस्तो कि सबैका लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यहरू अन्तरगतबाटै आफ्ना एजेण्डाहरू निर्धारणमा हामीले आफूलाई अगाडि बढाउनुपर्छ। त्यसैमा केन्द्रित भएर रणनैतिक कार्यक्रमहरू तयार भैरहेका छन्। ■



## समुदायकै प्रयासमा दुर्गममा

# कम्प्युटर शिक्षा

**तिनै झुत्रे गोठालो जस्तो देखिने महावीर पुन नै यस क्षेत्रको अगुवा शिक्षाप्रेमी कार्यकर्ता हुन् । र, उनकै अगुवाइमा म्याग्दीको दुर्गम ठाउमा कम्प्युटर र इन्टरनेट सुविधा उपलब्ध छ ।**

विद्यालयको शैक्षिक स्तर उकास्न असफल भएपछि सरकार हिजोआज विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायको पोल्टामा सुम्पिन लागिपरेको बेला यहाँका दुर्गम बस्तीका दुई सार्वजनिक विद्यालयहरूले आफ्नै सक्रियतामा कम्प्युटर शिक्षा समेतको आवसीय शिक्षा दिएर नमूना बनेका छन् ।

म्याग्दी सदरमुकाम बेनीदेखि उत्तरपूर्व १० घन्टामाथि नाङ्गो डाँडामा रहेको हिमाञ्चल माध्यामिक विद्यालय र पुरै एक दिन उत्तरमा पर्ने पाउद्वार मावि यस क्षेत्रकै कम्प्युटर विषयमा शिक्षा दिने सामुदायिक विद्यालय हुन् । हिमाञ्चल माविले १० वटा ल्याबटप समेत ४० वटा कम्प्युटर राखेर शिक्षा दिइराखेको छ भने पाउद्वार माविले १२ ल्यापटप र ५ डेस्कटप कम्प्युटर राखेर अध्यापन गराइरहेको छ । त्यतिमात्र कहाँ हो र कक्षा ९ र १० मा अध्ययनरत सबै विद्यार्थीहरूलाई अनिवार्य र नि:शुल्क आवासीय शिक्षा समेत दिइरहेको छ। टाढाका र लेकमा मेलापात साथै गोठखेत गर्नुपर्ने हुँदा विद्यार्थीको अध्ययनमा बाधा परेकोले विद्यालयमा छात्राबास भवन पनि निर्माण गरिएको छ ।

पुन मगरहरूको मात्र बस्ती भएका नाङ्गी र पाउद्वार गाउँका विद्यालयहरू कुनै सरकारी अनुदानले चलेका होईनन् । आठ वर्षअघि अस्थायी स्वीकृती लिएर मावि कक्षा सुरु गरेको पाउद्वार माविले निजी श्रोतमा पाँचजना शिक्षक राखेको छ भने छ वर्षअघि स्थानीय महावीर पुनको सक्रियतामा स्थानीय स्रोतबाट मावि तहको पढाइ सुरु गरेको हिमाञ्चल मावि अहिले जिल्लाकै नमुना बनेको छ ।

अक्कल भए अरुको मुख ताक्नुपर्दैन भन्ने उदाहरण हुन् यी विद्यालय । विद्यालय सञ्चालन गर्ने योजना बनेपछि भविष्यमा विद्यालयले गर्ने कामको योजना तयार पारेपछि कम्प्युटरमा ‘वेभसाइट’ खोलियो । विद्यालयको सम्पूर्ण जानकारी वेभसाइटमा पढ्न थालेपछि गाउँमा विदेशीहरू फाट्फुट्ट देखापर्न थाले र सुरु भयो विदेशबाट तथा प्राविधिक सहयोगको ओइरो । पाउद्वार माविले त अंग्रेजी शिक्षक मनिराम तिलिजाको संयोजकत्वमा विदेश सम्पर्क विभागसमेत बनाएको छ ।

पाउद्वार माविमा अध्ययनरत विद्यार्थीले फ्रान्सको ‘मुलहाउस’ नामक विद्यालयका विद्यार्थीसित तीन वर्षदेखि पत्रमित्रता गर्दै आएका छन् । विद्यार्थीबीच चार वर्षदेखि पत्रमित्रता चल्दै आएको छ । अंग्रेजीमा विशेष रुची राख्ने ६ देखि १० कक्षासम्मका विद्यार्थीले चिठ्ठीपत्र आदान-प्रदान गर्दै आएका छन् । यति मात्र होइन यस विद्यालयले अष्ट्रेलियाको ताजमनिया राज्यस्थित शिक्षा मन्त्रालयसँगसमेत मैत्री सम्बन्ध स्थापित गरेको छ ।

नेपालको दुर्गम हिमाली बस्तीमा टेलिफोनको अभावमा पनि वायरलेस कम्प्युटर फोन र ईमेल, ईन्टरनेट जस्ता आधुनिक सञ्चार प्रविधि पुऱ्याउन हिमाञ्चल मावि सफल भएको छ । यस प्रविधिको प्रयोग गरी हिमाञ्चल मावि, हिस्तान मावि, पाउद्वार मावि, मुक्तिमार्ग मावि र शिख मावि गरी जिल्लाका पाँच माध्यमिक विद्यालयले वायरलेस ईमेल, इन्टरनेटको नेटवर्क नै तयार पारेका छन् । संसारभरका सञ्चार प्रविधिविज्ञहरूलाई आश्चर्य तुल्याउँदै वायरलेस कम्प्युटर फोनबाट लामो दुरीको दुर्गम हिमाली बस्तीमा इमेल, इन्टरनेट प्रविधि पुऱ्याउने यो संसारमै पहिलो हो । यस क्षेत्रका अगुवा शिक्षाप्रेमी कार्यकर्ता महावीर पुनको सक्रियतामा यी काम भएका हुन् ।

भाङ्ग्रा भिरेको, हाफ पाइन्ट लगाएको र खाली खुट्टामा दिनभरी काम गरिरहेको देख्दा जोकोही गोठाला भन्ठानी झुक्किन्छ । तर तिनै झुत्रे गोठालो जस्तो देखिने महावीर पुन नै यस क्षेत्रको अगुवा शिक्षाप्रेमी कार्यकर्ता हुन् । उनी जस्ता अक्कलेसँग समाजका शिक्षासेवी तथा नीति-निर्माताहरूले पनि सिको गर्दा केही बिग्रने छैन ।

यसैबीच सरकारले विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायलाई लगाएको छ । जिम्मेवारी लिन समुदायले तत्परता नदेखाएपछि ‘प्रोत्साहन अनुदान’ भन्दै ती विद्यालयलाई आकर्षित गर्न खोजेको देखिन्छ । म्याग्दीमा पनि ८० प्राथमिक तह, १२ निम्न माध्यामिक तह र ७ वटा मावि तहको व्यवस्थापन जिम्मेवारी समुदायमा हस्तान्तरण गरिएको छ । यसवापत् एक करोड नौ लाख रुपैयाँ ‘प्रोत्साहन अनुदान’ ती विद्यालयमा पुगेको छ । तर ती सबै रकम बालुवामा पानी भएको छ । त्यत्रो लगानीबाट विद्यालयको व्यवस्थापन र शिक्षाको गुणस्तरमा कुनै सकरात्मक परिवर्तन भएको उदाहरण शिक्षा कार्यालयले सार्वजनिक गर्नसकेको छैन । वर्तमान कठिन अवस्थाले कार्यक्रमको अनुगमन र मूल्यांकन गर्न बाधा पुगेको शिक्षा अधिकारीहरू बताउँछन् ।

वर्तमानमा शिक्षाको गुणस्तर बढाउनकै लागि विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायलाई दिन लागेको भनिए पनि शिक्षा कार्यालयको जिम्मेवारीबाट पन्छन खोजेको भन्दै आलोचना गर्छन् कतिपय शिक्षकहरू । उता शिक्षकले राम्रोसँग पढाएनन्, शिक्षा कार्यालयलाई टेरेनन्, त्यसैले शिक्षाको स्तर खस्क्यो भन्छन् शिक्षा अधिकारी । तर यस्ता शिक्षकलाई कारवाही गर्ने अधिकार ऐन/नियमले दिएका छैनन् ? लापर्बाही गर्नेलाई सजायँ गर्न कसले रोकेको छ ? के समुदायले कार्यालयलाई जानकारी नै दिएका छैनन् ? ‘गोठालो गतिलो भयो भने गाईले बाली नास गर्न सक्छ ? यी प्रश्नको उत्तर माग्दा लाचारी मात्र व्यक्त गर्दछन् शिक्षा पदाधिकारीहरू ।

तर सबै विद्यालयको स्थिति एकैखाले छैन । समुदाय सक्रिय भएको विद्यालयको शैक्षिक वातावरण नै भिन्न छ । यसैको नमूना भएका छन्- हिमाञ्चल मावि र पाउद्वार मावि । समुदायको सक्रियतामा यी विद्यालयले गाउँमै कम्प्युटर शिक्षासमेत दिइरहेका छन् । समुदाय र शिक्षकहरूको सामुहिक सहकार्य र आपसी विश्वासले नै यि विद्यालयहरू जिल्लाकै नमूना विद्यालय बन्न सकेका हुन् । “आधुनिक सञ्चार प्रणालीसम्बन्धी ज्ञान, गाउँमै केही गरौं भन्ने पढेलेखकाहरूको सोचाइ, सामुहिक सक्रियता र कुशल योजनाले नै यी सबै काम सम्भव भएको हो,” हिमाञ्चल माविका प्रधानाध्यापक रमन पुनले बताए । यी विद्यालयको सफलता र कर्मठताबाट अन्य विद्यालय तथा शिक्षा कार्यालयले पनि केही सिक्नुपर्ने देखिन्छ ।

● **घनश्याम खड्का, म्याग्दीमा**




# असार महिनाको शिक्षा समाचार: एक चिरफार

**अब समाचारका लागि शिक्षा एउटा 'विट'का रूपमा स्थापित भइसकेको छ ।**

● **सुदर्शन सिग्देल**

समाचारमा शिक्षा क्षेत्रको विषय नउठेका दिन पाउन अबचाहिँ गाह्रै पर्छ । संचारको तीनै माध्यम पत्रिका, रेडियो र टेलीभिजनमा शिक्षाका केही न केही समाचार, लेख, विश्लेषण वा कार्यक्रमले महत्व पाइनै रहेका छन् । ५-६ वर्ष पहिला शिक्षालाई राष्ट्रियस्तरका संचारमाध्यमले छुट्टै 'विट' का रुपमा महत्व दिएका थिएनन् । तर अब समाचारका लागि शिक्षा एउटा 'विट'का रुपमा स्थापित भइसकेको छ । हरेक दिनका शिक्षासम्बन्धी समाचार र विषयले राष्ट्रिय निर्णयलाई असर पार्न थालेको छ । यसबाट निर्णय लिनेहरूलाई 'अब के गर्ने ?' भन्ने प्रश्नले सधैं सजग गराइरहन्छ । यी सबैखाले विषयलाई वर्षभरि नै समेटेर 'अपडेट' गर्न सकियो भने कुन निर्णय कार्यान्वयन भए, कुनचाहिँ भएनन्, गर्न बाँकी कति हो प्रष्ट हुन्छ । शिक्षा पत्रकार समूहले त्यस्ता समाचार वा निर्णयको 'अपडेट' गर्न थालिसकेको छ । अझ, अपडेट भएका विषयलाई विश्लेषण गर्ने नयाँ चलन पनि सुरु गरिएको छ । यसकारणले पनि यहाँचाहिँ २०६२ असार महिनामा राष्ट्रियस्तरका दैनिक पत्रिकाबाट प्रकाशन भएका शिक्षासम्बन्धी महत्वपूर्ण समाचारमाथि विश्लेषण गर्न खोजिएको हो । संचार माध्यमबाट प्रसारण नभई हामीलाई जानकारीमा आएका शिक्षाका महत्वपूर्ण निर्णयलाई पनि उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**सञ्चारमाध्यममा उठेका विषय**

खासगरी, परीक्षा, नीति, पाठ्यक्रम, विश्वविद्यालय, पदपूर्ति, विद्यालय भर्ना, विकास-प्रगति, भ्रष्टाचार, हिंसा, विध्वंश, अपहरण तथा गिरफ्तार र शिक्षामा व्यापारीकरण प्रतिस्पर्धा लगायतका विषय असार महिनामा महत्व पाएका समाचारहरू हुन् ।

एसएलसी परीक्षाको नतिजाले हरेक वर्षको असारमा महत्व पाउने गरेको छ । पत्रपत्रिकाको मुखपृष्ठमा मुख्य समाचारको स्थान पाउने गरेको छ । बोर्ड प्रथमदेखि उत्तीर्ण तथा अनुत्तीर्णको तथ्याङ्क दिने र चर्चा गर्ने खालका समाचार आउथे-जान्थे । यसलाई स्वभाविक ठानिन्थ्यो । तर, यसपाली शिक्षासम्बन्धी समाचारमा एसएलसी नतिजाको विषय यत्ति अस्वभाविक र सशक्त भएर आयो जसले शिक्षा मन्त्रालयदेखि सामान्य जनसम्म तरङ्ग नै ल्याइदियो ।

परीक्षा नियन्त्रण कार्यालयको लापर्वाहीले परीक्षार्थीमा सर्वोत्कृष्ट विद्यार्थी छनोटमा समेत त्रुटि हुनगयो । दुई छात्राले समान अंक ल्याएर सर्वोत्कृष्ट भएकामा पनिकाले एकजनालाई मात्र घोषणा गरेको थियो । जुन त्रुटिलाई सबभन्दा पहिला संचारमाध्यमले नै खुलासा गरे । सिद्धार्थ मावि काभ्रेकी उर्मीला खुलाल ६ सय

# आधारभूत तथा प्राथमिक शिक्षा एउटा असफल कार्यक्रम !

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (बीपीइपी-२) जुलाई १९९९ मा लागू भएको शिक्षा मन्त्रालयको सबभन्दा ठूलो परियोजना हो । प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गरी आधारभूत र प्राथमिक शिक्षामा पहुँच बढाउने र व्यवस्थापकीय प्रभावकारिता सुदृढ गर्ने उद्देश्य रहेको बीपीइपी-२ अन्तर्गत १७ वटा विशेष कार्यक्रमको लागि १ सय ६ करोड अमेरिकी डलर छुट्याइएको थियो । जनवरी २००५ मा युरोपियन युनियनले नेपालका केही शिक्षाविद्हरूमार्फत् गराएको बीपीइपी-२ को अध्ययनले यो कार्यक्रमका उपलब्धि कम र असफलता बढी देखाएको छ । मूल्यांकन, अध्ययन सामग्री, प्रतिवेदन आदिको पुनरावलोकन, सरकारी अधिकारी, दाता र अन्य स्रोत व्यक्तिसँग अन्तर्वार्ता एवं स्थलगत भ्रमण गरी विभिन्न निष्कर्ष निकालेको छ । सो अध्ययनले निकालेका निष्कर्षहरूको सारांश यहाँ प्रस्तुत गरिएको छ-

- सिकाइ उपलब्धिको कुरा गर्दा सन्तोषजनक अवस्था देखापरेन । उपलब्धिमा गुणस्तरीयताको वृद्धि भएन । शिक्षणमा गुणस्तरीयताले राख्ने अर्थ स्पष्ट नभएको पाइयो । केही जिल्लामा बालिका शिक्षा एवम् सिकाइ उपलब्धिहरू एकदमै न्यून र अप्रभावकारी रहेका छन् । गुणस्तर खास गरेर शिक्षकका कमजोरीहरू कार्यक्रमपछि पनि विद्यमान रहेका छन् । कक्षा १ मा विद्यार्थीहरूको भीडभाडको अवस्था विद्यमान छ ।
- विद्यालयमा भौतिक पूर्वाधार विकास पनि बीपीइपी कार्यक्रमले लक्ष्य अनुरुप प्राप्त गर्न सकेन । विद्यालयहरूले विद्यार्थीहरूको लागि फर्निचरको र बस्ने स्थानको कमी विद्यमान रहेको महशुस गरे ।
- विद्यालयले विद्यालय सुधार कार्यक्रमअन्तर्गत 'चाहना सूची' मा अमिल्दा बस्तुहरू राखेर

२० अंक ल्याइ सर्वोत्कृष्ट भएकी खुलासा एसएलसी नतिजा प्रकाशन भएको तीनदिन पछि मात्र भएको थियो । जबकी उनकै बराबर अंक ल्याएकी ग्यालेक्सी पब्लिक स्कुल काठमाडौंकी शुभा आचार्यलाई मात्र पनिकाले सर्वोत्कृष्ट छात्रा घोषणा गरेको थियो । यो गम्भीर त्रुटि सार्वजनिक भएपछि पनिकाप्रति जनस्तरबाट सर्वत्र आलोचना हुनथाल्यो । पत्रिकाहरू पनि उत्तिकै नयाँ-नयाँ कारण खोल्नतिर लागे । परीक्षा नियन्त्रक वीरेन्द्रकुमार सिंहको कम्जोरी, उनको भाग्ने र नसके आक्रमक हुने व्यवहारले भ्रष्ट नियत हुनसक्ने आशंका संचार माध्यमहरूले एसएलसी नतिजा नआउदै गरेका थिए । नतिजामा त्रुटि पछि त समाचारले यस्तो प्रमाण र नैतिक प्रश्न खडा गर्‍यो कि नियन्त्रक सिंहले माफी माग्नुपर्‍यो र शिक्षा तथा खेलकुद मन्त्रालय उनलाई कार्बाही स्वरुप नियन्त्रकबाटै हटाउन वाध्य भयो ।

सरकारी विद्यालयबाट २५ प्रतिशत मात्र उत्तीर्ण भएको तथ्याङ्कमाथि सरोकारपक्षहरूले राज्यको शिक्षा नीति 'पूरै असफल' भएको टिप्पणी गरे । असफल भएको प्रमाण त 'डोटीका सात विद्यालय एसएलसीमा नील' शीर्षकको समाचारले पनि दिएकै हो । असारभरि ६ दिन एसएलसी परीक्षासम्बन्धी समाचार आए । अन्य लेख र फुटकर प्रतिक्रियाले थप अरु दिन पनि उत्तिकै स्थान पाए । यो हिसावले सबभन्दा चासो र बढी उठाइएका असार महिनाका विषय एसएलसी नै रह्यो ।

उच्च माध्यमिक शिक्षा परिषद् समाचारको दोस्रो प्राथमिकतामा पर्‍यो । परिषद्ले कक्षा १२ बाट नेपाली विषय हटाएकोबारे जेठदेखि नै समाचार आएको थियो । नेपाली विषयलाई हटाउनुलाई सरकारको आलोचना मात्र भएन सरोकारवालाहरूले 'शैक्षिक माफिया'को खेलमा परिषद्का पदाधिकारी लागेको आरोप लगाए । उमावि पाठयक्रम समितिमा रहेका प्राध्यापकले समेत सो निर्णयलाई 'नेपाली भाषामाथि गम्भीर प्रहारको षड्यन्त्र' भने । संचार माध्यमले यो विषयलाई त्यत्तिबेलासम्म आलोचनात्मक प्राथमिकता दिइरह्यो जतिबेला उमाविले आफ्नो निर्णय फिर्ता गर्न वाध्य हुनुपर्‍यो ।

दुई दिन मात्र समाचार आएर पनि विश्वविद्यालय ऐन यो महिनाकै चर्चित 'ईस्यु' बन्नपुग्यो । अध्यादेशबाट ल्याइन लागिएको विश्वविद्यालय छाता ऐनमा 'निजी विश्वविद्यालय पनि राजाकै कूलपतित्व रहने' उल्लेख भएको जानकारी समाचारपत्रहरूले दिए । जबकी सरकारी विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयबाट समेत राजा संरक्षक मात्र रही प्रधानमन्त्री कूलपति रहने प्रस्तावसहितको ऐन प्रस्ताव अघिल्लो वर्षको छाता ऐन मस्यौदामा गरिएको थियो । राजा कूलपति रहने ऐन मस्यौदा तयारकर्ता विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष विदुरप्रसाद उपाध्यायले 'विश्वविद्यालयबाट राजनीतिकरण हटाउन' यसो गरिएको बताए । तर, सिङ्गो विश्वविद्यालयका प्राध्यापकबाट यो प्रस्तावको विरोध भयो । समाचारको उठानमै यो ऐन मस्यौदाको आलोचना भएको थियो । अहिले पनि यो अध्यादेश विचाराधीन नै छ ।

'राष्ट्रवादी शिक्षा'को विरोधसम्बन्धी समाचारले पनि अघिल्ला महिनामा झैं प्राथमिकता पाइरह्यो । विरोध गर्ने विद्यार्थी नेता गिरफ्तार भएको समाचारलाई राष्ट्रिय दैनिक पत्रिकाले मुखपृष्ठमा र निजी टेलीभिजनले मुख्य समाचारमै महत्व दिए । परीक्षा नियन्त्रक वीरेन्द्रकुमार सिंहबाट एसएलसी प्रश्न छपाइमा भएको भ्रष्टाचार र दुर्गमका विद्यालयका प्रधानाध्यापकले दलित छात्रवृत्ति रकम दुरुपयोग गरेका समाचार पनि राष्ट्रिय दैनिकमा प्रकाशित भए । तर यी समाचारहरू भित्री पृष्ठमै सीमित भए । यद्यपि, महत्वका दृष्टिले यी समाचारहरू सम्वेदनशील थिए । जुन अनुसन्धनात्मक तरिकाले आउनुपर्थ्यो ।

**समाचारहरू घटनाप्रधान बढी देखिएका छन् । शिक्षाका विषयमा भाषण गरिएका समाचारको बाहुल्यता रह्यो । 'शिक्षामा खोज' धेरै कम देखियो । त्यसो त, खोजमूलक समाचार लेख्ने प्रयास भने नभएको चाहि होइन ।**

शिक्षामा व्यापारीकरण भएको मुद्दालाई कान्तिपुर दैनिकले मार्मिक तरिकाले उठाएको पाइयो । असार १३ गते मुखपृष्ठमा 'बोर्डफष्टहरू कलेजको घानमा' शीर्षकको एंकरन्यूज छापिएको थियो । निजी उच्च मावि सञ्चालकहरूले यसपालीको एसएलसी परीक्षाका सर्वोत्कृष्ट छात्र समीर श्रेष्ठ र छात्राद्वय शुभा आचार्य तथा उर्मीला खुलाललाई विभिन्न प्रलोभन देखाएर आफ्नो कलेजमा भर्ना हुन दबाब दिएकोबारे समाचारले लेखेको थियो । ती विद्यार्थीलाई मात्र नभएर उनका दिदीबहिनी वा दाज्यूभाईलाई छुट्टै फ्ल्याटमा राखेर पढाउनेसमेत प्रलोभन देखाएको खुलासा सो समाचारमा गरिएको थियो ।

यसदेखि बाहेक उच्च माविहरूले विद्यार्थीलाई आफूप्रति आकर्षण गर्न गरेको विकृतिपूर्ण विज्ञापन, विद्यालयबाट विद्यार्थी अपहरण, अपहरणबाट मुक्त, विद्यालय विष्फोट, त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभागमा विद्यार्थीले गरेका आगजनी, माओवादीबाट सरकारी/निजी विद्यालय बन्द, बन्द विद्यालय खुलाउन असार १५ गते हेटौडामा गरिएको समाचारहरू आए ।

शैक्षिक क्षेत्रमा विष्फोट भएका घटना अघिल्ला वर्षहरूमा ठूला-ठूला शीर्षकमा प्रकाशित हुन्थे । यसपाली भने मुखपृष्ठमा पनि थोरै राखिएको पाइएको छ । बढीजसो यस्ता समाचारहरू अहिले भित्री पृष्ठमै छापिन थालेका छन् ।

दरबन्दीको ५० प्रतिशत स्थायी शिक्षक पदपूर्तिका लागि, बढुवा र स्थायी शिक्षण अनुमतिपत्रका डेढ लाख परीक्षार्थी समावेश भएको र १२ कक्षामा ७८ प्रतिशत विद्यार्थी उत्तीर्ण जस्ता समाचारहरू सुखद रुपमा आए । विदेशी मित्रराष्ट्रबाट विद्यालयलाई भएको आर्थिक सहयोगका समाचार पनि महत्वका दृष्टिले उल्लेख्य थियो ।

विद्यार्थीले गरेका वैज्ञानिक आविस्कार अझ सुखद रह्यो । पोखराका दुई विद्यार्थी सागर देवकोटा र सम्यक तपोलले भोट हाल्ने मेसिन बनाएकोबारे कान्तिपुर दैनिकमा असार ११ गते छापिएको थियो । प्रगतिको इस्युलाई समात्ने हो भने समाचारको यो सकारात्मक पक्ष हो तर एक दिन बाहेक यो समाचारको 'फलोअप' गरिएको पाइएन ।

अर्को सम्वेदनशील 'मुसहर बालबालिकालाई भर्ना लिइएन' भन्ने समाचार छापियो । थोरै स्थानमा छापिए पनि समाचारको महत्वचाहिँ सरकारको विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियानलाई गिज्याउने खालको थियो । जन्मदर्ता नभएकै कारण भर्ना नलिएको समाचारमा उल्लेख छ । यो घटनाले सबैका लागि शिक्षामा कार्यक्रममा पिछडिएको समुदाय मुसहरलाई समेट्न नसक्ने खबरदारी समाचारले गरेको थियो । तर, यही इस्युमा सरकारी अधिकारीको प्रतिक्रियाका लागि संचार माध्यमहरूले फलोअप गरेनन् ।

ऐतिहासिक क्याम्पस त्रिचन्द्रलाई अन्तै सार्ने सरकारी प्रयासको खुलासा, त्यसको विरोध र यसलाई नसार्ने त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूको आश्वासनले पनि समाचारको प्रमुखता पायो ।

**निष्कर्ष**

समाचारहरू घटनाप्रधान बढी देखिएका छन् । शिक्षाका विषयमा भाषण गरिएका समाचारको बाहुल्यता रह्यो । 'शिक्षामा खोज' धेरै कम देखियो । त्यसो त, खोजमूलक समाचार लेख्ने प्रयास भने नभएको चाहिँ होइन । समाचारलाई लेख्ने विभिन्न 'न्यूज एंगल' हुन्छन् । हाम्रा मूलधारका पत्रपत्रिकाले एउटा विषयलाई एउटै एंगलबाट समाचार लेख्ने गरेका छन् । तर, एउटै विषयका समाचारलाई विभिन्न मुद्दामा ढाल्न सकिन्छ । यतातर्फ सोच्ने हो भने सरोकार पक्षले चाहेको मुद्दा आउनसक्ने थियो । परीक्षा नियन्त्रकको भ्रष्टाचारसम्बन्धी समाचार यसको उदाहरण हो । समाचार, लेख, हाम्रा पाठ्यपुस्तकमा भएका कमजोरी, कक्षा-कोठाभित्रका विद्यार्थी, शिक्षकका समस्या, मनोविज्ञान जस्ता विषयमा भित्रसम्मै पसेर समस्याहरू उजागर गर्ने र सफलताका कथाहरू प्रकाशमा ल्याउने रिपोर्टिङ्ग गरेको पाइएन । जुन हुन जरुरी भइसकेको छ । ■

माग गरेको शिक्षा विभागले ठहर गर्‍यो । स्रोत व्यक्तिले स्कुलका मागहरू सिर्जना गर्दा खासै चासो राखेको देखिएन । विद्यालय सुधार कार्यक्रममा संलग्न व्यक्तित्वहरूले एकदमै कम फाइदाको लागि अत्यधिक झण्झट महसुस गरेको पाइयो । यद्यपि केही विद्यालयहरूद्वारा विद्यालय सुधारको लागि उपयुक्त मूल्यांकन गरी प्रभावकारी योजना पनि बनाइएको थियो । विद्यार्थी-शिक्षक अनुपात सन् २००१ को ३९ लेखि सन् २००२ मा कमी भइ ३५.७ भएपनि फेरी सन् २००४ मा वृद्धि भई ३९.७ भयो ।

- वीपीइपी-२ कार्यान्वयनकै बेलामा नयाँ जिल्ला शिक्षा योजना आयो । तर, बजेट र योजनामा तालमेल नदेखिएकोले जिल्ला शिक्षा योजना सफल रहन सकेन ।
- वार्षिक रणनीतिक कार्यान्वयन योजना र वार्षिक कार्ययोजना एवं बजेट पनि निर्धारित लक्ष्यअनुरुप सञ्चालन भएन । *बास्केट फन्डिङ*ले रकम बाँडफाँडमा खुकुलोपना ल्याई बढी पारदर्शिता निर्माण गर्‍यो । कोष सञ्चालनमा पारदर्शिता र प्रभावकारिता रहे पनि केही समस्या भने देखिए- कोष प्रयोग गर्न आधिकारिताका कारणले काम कारवाही अघि बढाउन ढिलाई महसुस भयो ।
- विद्यालय सुधार कार्यक्रम विद्यालयको आफ्नै आवश्यकताभन्दा पनि केन्द्रीय निकायले ठानेको आवश्यकतामा भर पर्‍यो । जिल्ला शिक्षा कार्यालयको काममा पनि केन्द्रीय हस्तक्षेप रह्यो । कतिपय विषयमा जिल्ला शिक्षा कार्यालयले केन्द्रीय सूचना नपाउँदा उसले पर्याप्त पारदर्शिता पनि देखाउन सकेन ।
- कार्यक्रम सञ्चालनार्थ गठन भएको स्थानीय दाता समूहको कारण दाता समन्वय सहज भयो । तर पनि यूरोपेली आयोगको रकम निकासामा गरेको ढिलाईले वीपीइपी-२ को वित्तीय व्यवस्थापनमा चुनौती ल्यायो । कार्यक्रमले अपेक्षा राखेका प्रतिफलहरू आर्थिक लगानीको दाँजोमा सफल हुन सकेनन् । वीपीइपी-२ का क्रियाकलापहरू *इन्पुट* आधारित रह्यो र प्रतिफल केन्द्रित हुन चाहिं सकेन । धेरै रकम तालिम र गोष्ठीमा खर्च भयो । विद्यालयलाई २०-४० प्रतिशत रकम गयो भने ६०-८० प्रतिशत केन्द्र वा ▶

शिक्षाले हामीलाई कती कम थाहा छ भन्नेभन्दा पनि हामीले कति बढी सिक्न बाकी छ भन्ने कुरा सिकाउनुपर्दछ -जोन लुबक

जिल्ला तहमा खर्च भयो ।

- वीपीइपी-२ मा प्राविधिक सहयोगीको व्यवस्था रहेकोमा मन्त्रालयले आफू यसमा निर्णय प्रक्रियामा वञ्चित रहेको गुनासो गर्‍यो । साथै प्राविधिक सहयोगीको कोष प्रयोगमा पनि पर्याप्त पारदर्शिता नभएको देखियो ।
- कार्यक्रम सञ्चालनको समयमा जिल्ला शिक्षा कार्यालय कोप्रति उत्तरदायी हुने भन्ने प्रश्न खडा भयो । उसको सम्बन्ध प्राविधिक रुपमा शिक्षा विभाग र व्यवस्थापकीय र आर्थिक रुपमा जिल्ला विकास समितीसँग थियो ।
- कार्यक्रमको अनुगमन अत्यन्त फितलो रह्यो र कार्यक्रमको एउटा प्रमुख कमजोरी बन्यो । अनुगमनकै अभावमा शैक्षिक समस्याहरू समयमा निराकरण हुन सकेनन् । विद्यालयमा नियमित निरीक्षण भएको देखिएन । खास गरेर सुरक्षाको कारण जनाई त्यस्तो निरीक्षण नभएको पाइयो । स्रोत व्यक्तिको काम र कर्तव्यमा पनि समस्याहरू देखिए । दक्षताको अनुगमन नभै स्रोत व्यक्तिले काम गरे ।
- अनुगमनको कुरा गर्दा निजी विद्यालयको अवस्था पनि जटिल रह्यो । निजी विद्यालयले आफ्ना तथ्यांकहरू सरकारसामु स्पष्ट र पूर्ण रुपमा नराखेको अवस्था रह्यो । सबै विद्यालयमा रहनुपर्ने आन्तरिक प्रभावकारिता पनि उल्लेख्य रहेन । कक्षा छोड्ने र पुनरावृत्तिको समस्याले ५० प्रतिशत लगानी त्यसै खेर गएको देखियो । विद्यालयमा विद्यार्थीको स्थायित्व बढाउन निरन्तर मूल्यांकन संरचना प्रस्ताव गरी ५ जिल्लामा लागू भए पनि प्रभावकारी देखिएन ।
- कार्यक्रम अन्तर्गत भएका शिक्षक तालिमबाट पनि प्रतिफल सकारात्मक देखिएनन् । तालिमले उनीहरूको शिक्षण पद्धतिमा पारेको प्रभाव कतै झल्किएन । साथै शिक्षकले क्षमता भए पनि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सामग्रीको अभावमा रही उनीहरूले प्रभावकारी शिक्षण गर्न सकेनन् ।
- धेरै किसिमबाट भर्नादर वृद्धि भएपनि निरन्तरता भने प्रश्न नै रह्यो । दलित र बालिकाको शिक्षामा पहुँच बढाउने कार्यमा वीपीइपी-२ सफल रहेन । कार्यक्रमले लैंगिक समानताका विषयवस्तुमा चासोहरू देखाएन । अपांग शिक्षा र समावेशी शिक्षामा पनि कार्यक्रमको प्रतिफल आशातित सफल रहेन । कार्यक्रममा सहभागिता पनि सोचे अनुरुप भएन र यसको दिगोपनमा नै प्रश्न उठ्यो । नीति निर्माणमा प्रभाव देखिएपनि सामाजिक परिवर्तनमा प्रभाव सहजै देखिएन ।
- हिंसात्मक द्वन्द्वबाट कार्यक्रम निकै प्रभावित रह्यो । गैरसरकारी संस्थाहरूले द्वन्द्वका कारण स्थानीय रुपमा काम गर्न कठिनाई पर्‍यो । सरकारी निकायको अनुगमन नपुग्दा शिक्षाको पहुँच र गुणस्तरीयतामा ह्रास आयो । विद्यार्थी र शिक्षक द्वन्द्वरत पक्षको चपेटामा परे । स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयमा पनि द्वन्द्वको प्रभाव पर्‍यो ।
- वीपीइपीसँगै स्थापित शिक्षा विभागको कारण क्षमता विकासमा राम्रै प्रभाव देखियो । केन्द्रीय तहमा दिगोपनको लागि पर्याप्त क्षमता विकास भयो । यद्यपि, अन्य शैक्षिक संस्थाको काम, कर्तव्य दोहोरिएको पाइयो । मन्त्रालय अन्तर्गतका शाखाहरूका काम बाझिए । ■

## भर्ना अभियानपछि...

परिपत्र वा रकम निकासा गरेन ।

त्यसैगरी दलित र पिछडिएको वर्गलाई विद्यालय भित्र्याउन कुनै प्रभावकारी कार्यक्रम देखिएन । मोरङको विराटनगर नगरपालिकाकै वडा नं. ५, ७ र धनुषाको जनकपुर नगरपालिकाका वडा नं. १७ का दलित र आर्थिक रूपले अत्यन्त पिछडिएका चमार, डोम र मुसहर समुदायका एकैजना बालबालिकालाई पनि भर्ना अभियानले छुन नसकेको भेटियो । जनकपुर नगरपालिका क्षेत्रभित्रै पर्ने उक्त दलित बस्तीका लगभग सबै (३० जना) ५ देखि ९ वर्ष उमेर समूहका बालिकाको विवाह भैसकेको छ । यद्यपि त्यहाँ १ सय ५० को हाराहारीमा कार्यरत कुनै पनि गैरसरकारी संस्थाले ती बालिकालाई विद्यालय ल्याउन पहल गरेको पाइएन । यस्तै बाँके जिल्लाको नेपालगञ्ज नगरपालिकासँगै जोडिएको हरमिनिया गाविसको महन्ता टोलमा रहेका २ सय बालबालिकालाई विद्यालय भर्ना अभियानले छुन सकेन । सरकारद्वारा प्राथमिक शिक्षा निःशुल्क गर्ने घोषणा गरिएको छ । अर्कोतर्फ मोरङ जिल्ला शिक्षा कार्यालयबाट करिव ४० मिटर टाढा रहेको विद्यालयले सबै खालको शुल्क लिएको पटक-पटक जानकारी गराउँदा पनि हालसम्म कारवाही गर्न नसकिएको कुरा शिक्षा अधिकारी स्वयंले स्वीकार गर्नुभयो । धनुषाका दलित नेता रघुनाथ दास भन्छन्, “अझ भर्ना र मासिक शुल्क लिएर दलितहरूलाई विद्यालय भर्नामा निरुत्साहित गरिएको छ ।

### जन्मदर्ता : समस्या यथावत्

जन्मदर्ता प्रमाणपत्र नभएकै कारण बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित हुनु नपर्ने घोषणा सरकारले गरे पनि तराईका सबैजसो जिल्लामा जन्मदर्ता नभएर विद्यालय भर्ना हुन नपाउने बालबालिकाको सङ्ख्या हजारौं छ । द्वन्द्वका कारण सबैजसो गाविस सचिवहरू सदरमुकाममा केन्द्रित भएको अवस्थामा ग्रामीण भेगमा चाहेर पनि जन्मदर्ता गर्नसक्ने देखिएन ।

### असहयोगी संयन्त्र

विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरूले शिक्षा कार्यालयको निर्देशनलाई नमानेका कारण पनि भर्ना अभियान प्रभावित भएको देखियो । रौतहटमा १४ जना स्रोत व्यक्तिमध्ये ६ जना भन्दा बढी स्रोत व्यक्तिहरू अन्य पेसा र सेवामा लागेको तर भर्ना अभियानमा नलागेको थाहा हुँदा पनि केही गर्न नसकेकोप्रति जिल्ला शिक्षा अधिकारीले सार्वजनिक रूपमै निरीहता प्रर्दशन गर्नुभयो । एउटा राजनीतिक दलको जिल्ला सचिव समेत रहेका एक प्रधानाध्यापकलाई कारवाही गर्न खोज्दा र एकजना स्रोत व्यक्ति (पूर्वसांसद कि पत्नी) लाई काठमाडौंमा तलब नपुर्‍याइएको बहानामा गत माघमा १५ दिन मन्त्रालयमा हाजिर गरेर बस्नुपरेको गुनासो समेत जिल्ला शिक्षा अधिकारीले गरे । रौतहटका एक स्रोत व्यक्ति नेपाल ट्रेड युनियन काङ्ग्रेसको जिल्ला अध्यक्ष भएका छन् । जिल्ला शिक्षा कार्यलयबाट तलब लिने शिक्षाको काम नगर्ने र आन्दोलनको क्रममा एक महिना थुनामा रहेका आफ्नो कार्यालय अन्तर्गत रहेको स्रोत व्यक्तिको यस्तो अवस्था रहेको वास्ताविकता समेतको गुनासो सम्बन्धित व्यक्तिलाई कार्यक्रममा काम गरिदिन अनुरोध समेत गरेको देखिएको छ ।

## हाकिमहरूलाई...

संयोग पनि हुनसक्छ– यस छड्के स्तम्भका लागि मिति २०६२।५।१२ गते र १३ गते गरिएको अनुगमन रिपोर्टिङका बेला दुवै दिन परिषद्का उपाध्यक्ष नगेन्द्र थापा, सदस्य सचिव कमलप्रसादलाल कर्ण कार्यालयमा भेट हुनुभएन । उहाँहरू विदामा बस्नु भएको वा कार्यक्रममा कहाँ जानुभएको त्यो पनि खुल्न सकेन । उहाँका सचिवालयका कर्मचारीले दिएको एउटै उत्तर काफी छ ‘खोई कहाँ हुनुहुन्छ, कहिलेकाहिं हामीले पनि भेट्न सक्दैनौं ।’

कार्यालयमा हाकिमहरू नभएपछि पीए तथा त्यस महाशाखाका कर्मचारीहरू घाम ताप्ने, गफ गर्ने, अरु शाखामा भीड लाग्ने प्रवृत्ति यस कार्यालयमा लोकप्रिय पाइयो । काम भनेको गर्दै गरौंला भन्ने सोचले यो निकायमा राम्रै घर गरेको छ ।

सो दिन परीक्षा नियन्त्रक गोरखबहादुर सिंह भने कार्यालयमै रहेको जानकारी पाइए पनि सूचना दिइएको एक घण्टासम्म पनि उहाँले समय दिनुभएन । उहाँको गोप्य शाखाको काम होला भनेर चित्त बुझाउने हो भने सह-सचिवहरू ढालबहादुर खड्का र रामबहादुर खड्का पनि १:०० बजेसम्म उपस्थित हुनुभएको देख्न सकिएन । देशभरका करिब आठसय उच्च माध्यामिक विद्यालयको प्रशासनिक र प्राज्ञिक/शैक्षिक सु-सञ्चालनको नेतृत्व लिने यो निकायमा देखिएको संयोजनहीनता अचम्म लाग्दो छ । सो दिन परिषद्मा पुगेका प्राध्यापक राजेन्द्र पराजुलीले एकजना पनि विभागीय प्रमुख भेट्न सक्नुभएन ।

माथिबाट तोक तथा कागज मिलिसकेको खबर पाएर लेखा शाखामा भुक्तानी लिन गएका एक युवकले सम्बन्धित व्यक्ति नभेटेर एक घण्टापछि फर्किएको दृश्य कम रोचक थिएन । त्यस्तै उपत्यकाका विद्यालयहरूको तथ्यांक लिन पुगेका एक शोधार्थीलाई सम्बन्धन शाखाका कर्मचारीले अनावश्यक केरकार गरी औपचारिक/संस्थापक पत्रको नाममा फर्काइदिएको पाइयो । ती शोधार्थीले ‘के त्यसो भए पान पसल संघ’ को नाममा पत्र आए पनि दिनुहुन्छ त ? भन्ने प्रश्नमा उनीहरू नाजवाफ देखिए । परिषद्मा एक पुस्तकालय पनि छ । यो सञ्चालनका लागि एक शाखा नै बनाइएको छ । तर, पुस्तक पढ्ने क्रम कर्मचारीमा पाइएन । न त बाहिरका आगन्तुकका लागि पढ्ने वातावरण नै मिलाइएको छ। पुस्तक व्यवस्थापन र खरिदमा पनि आवश्यक संयोजन पाइएन ।

परिषद्का पूर्व उपाध्यक्ष शिक्षाविद् डा. तीर्थराज खनिया ‘लन्च ब्रेक’को कुनै व्यवस्था नभएको बताउनुहुन्छ । प्रशासनिक नेतृत्वको कमजोरीका परिषद्ले सोचे अनुसार काम गर्न नसकेको उहाँको भनाई छ । त्यसमा प्रवक्ता कोइरालाको सहमति रहे पनि किन सेवामा प्रभावकारिता नआएको भन्ने बारेमा उहाँले प्रष्ट पार्न सक्नुभएन । कोइरालाले माघ १९ को शाही कदमपछि सेवा सुविधा प्रभावकारी बनाउनेसम्बन्धी मन्त्रालयबाट प्राप्त पत्र अनुसार हरेक साता प्रगति विवरण पेश गरिएको उल्लेख गर्नुभयो ।

● प्रकाश सिलवाल


शिक्षा पत्रकार समूह र रेडियो
**सगरमाथाको संयुक्त प्रस्तुति**
**रेडियो पत्रिका**

**शिक्षाको नालीबेली**

**हरेक शनिबार बिहान ८:०० बजे**
**रेडियो सगरमाथा १०२.४**
**मेगाहर्जमा ।**

**छुटला नि !**

भर्ना अभियानमा जिल्लामा रहेका सबै निकायलाई सरिक गराउन खासै पहल गरेको दखिएन । धेरै ठाउँमा त शिक्षक सङ्गठन र युनियनलाई समेत जानकारी नभएको अवस्था छ । धनुषाका शिक्षक युनियनका अध्यक्षलाई समेत भर्ना अभियानको अन्त्यसम्म समितिमा रहेको जानकारी समेत दिइएको थिएन । यो अभियानमा धेरै ठूलो योगदान दिनसक्ने राजनीतिक र अन्य सामाजिक संघसंस्थाहरूलाई समेत पूर्णत: बेवास्ता गरिएको अवस्था छ । सीमितरूपमा जिल्ला शिक्षा कार्यालयको आसपासमा रहेका र ठूला संघसंस्थाहरूलाई मात्र यो अभियानमा सरिक गराइएको छ । सबै शिक्षकहरूलाई यो अभियानमा सरिक गराउन पनि कन्जुस्याइँ गरेको पाइयो ।

स्थानीयस्तरमा राम्रो हैसियत र पाठक भएका स्थानीय पत्रपत्रिका र एफ.एम.हरूलाई खासै सूचना दिएर परिचालन गर्नतर्फ ध्यान दिएको देखिदैंन । जिल्ला शिक्षा अधिकारीसँग 'राम्रो' सम्वन्ध भएका केही अखबारहरूलाई मात्र सानो विज्ञापन दिएर सबै काम गरेको देखाउने अवस्था भेटियो । शिक्षा विभागले घोषणा गरेको कार्यक्रम समेत जिल्ला शिक्षा अधिकारीले अनभिज्ञता जाहेर गरिनुले प्रधानाध्यापकहरूले जथाभावी गर्ने छुट पाएका छन् ।

जिल्ला शिक्षा कार्यालयको पहुँचभन्दा बाहिर रहेका मदरसाहरूलाई मूलधारमा ल्याउने कुरामा बेवास्ता मात्र होइन सरकारी पाठ्यक्रम अध्ययन-अध्यापन गर्ने/गराउने मदरसाहरूलाई पनि जिल्ला शिक्षा कार्यालयले बेवास्ता गरिरहेका छन् । **सबैका लागि शिक्षा** दिने अभियानमा हजारौंको सङ्ख्यामा रहेका मदरसाहरूलाई बेवास्ता गरेर यो अभियान पूरा नहुने कुरामा सबै सहमत हुने तर मदरसा भन्ने बित्तिकै नकरात्मक ढङ्गले हेर्ने सामाजिक परिपाटी भने कायमै रहेको पाइएको छ ।

वर्तमान अवस्थामा द्वन्द्व पीडित र विस्थापित बालबालिकालाई भने यो भर्ना अभियान पहुँचभन्दा बाहिरको विषय बन्यो । बिस्थापितका नाममा सुविधाभोगी वर्गले नै फाइदा लिने अवस्था छ । खोजी गर्नेसम्मको अवस्था छैन विस्थापितहरूको ।

## सबै नकारात्मक मात्र छैन

विद्यार्थी स्वागत तथा विद्यालय भर्ना अभियान २०६२ समग्रमा नकारात्मक मात्र छैन । "शिक्षासँग आबद्ध सबै पक्षहरूलाई एकै ठाउँमा ल्याउन र परिचालन गर्नसक्नु नै यो वर्षको विद्यार्थी भर्ना अभियानको मूल उपलब्धि हो," युनिसेफ नेपाल शिक्षा शास्त्रका कार्यक्रम अधिकृत डा. सुमनकमल तुलाधरको भनाइ छ । यस अर्थमा सन् २०१५ सम्ममा सबैका लागि शिक्षा दिन यो अभियान राम्रै पहल हुनसक्छ । यद्यपि, यसका लागि खोप अभियान सञ्चालनको मानसिकतामा केही परिस्कृत हुनुपर्ने खाँचो छ । भर्ना अभियान २०६२ का तात्कालिक उपलब्धिलाई निम्न बुँदामा टिप्न सकिन्छ-

- विद्यालय भर्ना अभियान तथा स्वागत कार्यक्रमबाट दलित र जनजाति समुदायका बालबालिका सङ्ख्यामा उल्लेख वृद्धि भएको छ ।
- मैथिली, मुस्लिम तथा अवधि भाषाका समुदायलाई शिक्षाको मूलधारमा समेट्ने प्रयास भएको मदरसालाई औपचारिक मान्यता दिने गृहकार्य सुरु भएको छ ।
- सातै जिल्लामा समग्र भर्नादर कम हुनुको कारण पहिचान गर्न सहयोग पुगेको छ ।
- बालिका भर्ना अभियानले विशेष प्राथमिकता पाएको छ ।
- समुदायमा जनचेतना अभिवृद्धि/विद्यालय भर्ना अभियानमा सहकार्यको थालनी भएको छ ।
- शिक्षा क्षेत्रमा कार्यरत सरकारी/गैरसरकारी संघ/संस्थाबीच सहकार्यको थालनी भएको छ ।
- भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न गरिनुपर्ने कामको पहिचान भएको छ ।
- भर्नाका लागि जन्मदर्ता र बसाइँसराइको प्रमाणपत्रको वैकल्पिक बाटो खोज्ने प्रयास भएको छ । सिरहा, महोत्तरीजस्ता जिल्लामा विद्यालयले नै विद्यार्थीको जन्मदर्ता फारम भरिदिने कामको थालनी भएको छ ।

*(शिक्षा पत्रकार समूहको तर्फबाट राजन शर्मा, भूपराज खड्का, गणेश बस्नेत र एमडी कुलुङको स्थलगत भ्रमणबाट तयार पारिएको अनुगमन रिपोर्टमा आधारित) ।* ■

# कक्षामा भीड, रुखमुनि पढाइ

एउटै कक्षामा ३ सय ८१ विद्यार्थी पढ्छन्- नेपाल राष्ट्रिय मावि मुडफुटवामा । कपिलवस्तुकै पुरानो मुनेश्वर निमावि बहरबासीको अवस्था पनि मुडफुटवाभन्दा फरक छैन । नन्दनगरको निमावि ठूलो नन्दनगरको अवस्था त अझ थामी नसक्नुको छ, त्यहाँ त ४ सय ७४ जना पढ्छन्, एउटै कक्षमा ।



कक्षाकोठामा नअटाएपछि चौरमै भए पनि बसेर पढ्नै पऱ्यो नि !


कक्षाकोठाभित्र पनि अटाइनअटाइ विद्यार्थी ।

६०/७० जना अटाउने कोठामा सोच्दै नसोचेको संख्यामा पढाउनु परिरहेको छ, कपिलवस्तुका ग्रामीण विद्यालयमा । अझ कतिपय ठाउँमा त भवनको अभावमा खुला आकाश मुनी पढाउनुपर्ने बाध्यता छ । कतिपयमा त भवन भए डेक्सबेञ्चको अभाव छ भने कतिपयमा शिक्षकहरूको ।

तीन महिनाअघिको विद्यालय भर्ना तथा विद्यार्थी स्वागतको घरदैलो कार्यक्रमले यहाँको ग्रामीण क्षेत्रको विद्यालयमा विद्यार्थीको चाप थेगी नसक्नु छ । घरदैलो पुगि बालबालिका खोजीखोजी ल्याएपछि कक्षा १ मा मात्र ३ सय ८१ विद्यार्थी भर्ना भए- नेपाल राष्ट्रिय मावि गुडफुठवाका प्रअ लालचन्द्र पाण्डे भन्छन्, "अरु कक्षामा पनि यस्तै चाप छ ।" कक्षाकोठामा फर्निचरको अभावमा यी बालबालिकालाई आपको रुखमुनी राखेर पढाउन परिरहेको छ भन्छन् प्रअ पाण्डे । दशसम्म पढाइ हुने स्कुलमा नौ कोठा मात्र छन् । खुला चौरमा पढाउनुको विकल्प छैन । करिब चार सयको हाराहारीमा एउटै कक्षामा विद्यार्थी भएपछि उनीहरूलाई पढाउन पनि दुईवटा शिक्षकको व्यवस्था गरिएको छ । एउटाले केटाकेटीलाई रेखदेख गर्न नसकेपछि यसो गरिएको हो । भर्ना महिनापछि जिल्लामै सबैभन्दा बढी विद्यार्थी भर्ना गर्ने निमावि ठूलो नन्दनगरको अवस्था अझ दयनीय छ । भेडा बाखा जस्तै कोचेर र खुला चौरमा पढाउन परिरहेको छ ४ सय ७४ जनालाई । नौ शिक्षकमा ८ सम्मको पढाइ, त्यसमा कक्षा १ मा पढ्छन् ४ सय ७४ जना । "अब कसरी पढाउन सकिन्छ ?" प्रअ मुकुन्दराज गौतम भन्छन् । सरकारले ५५ जना विद्यार्थी बराबर एक शिक्षकको अनुपात तोकेको छ । यहाँ ४ सय ७४ जनालाई दुई शिक्षकले हेर्नुपरेको छ । यसरी पढाउँदा के बुझ्छन् ? उनी प्रश्न गर्दछन् ।

विद्यार्थी बढेको बढ्यै भए पनि कैयौं विद्यालयमा पाँच/सात वर्षदेखि भौतिक पूर्वाधार थपिएका छैनन् । पढ्न आएकालाई नआइज भन्दा पनि भएन, पढाउँ भने स्रोत साधन ज्यादै न्यूनतम छ । नेरामावि गुडफुटवाका व्यवस्थापन समिति अध्यक्ष विक्रमप्रसाद पासी भन्छन्, "सम्बन्धित निकायले हाम्रो समस्या कहिले सुन्ने हो ?" मुनेश्वर निमावि बहरबासीका प्रअ सुकदेवप्रसाद तिवारी भन्छन्, "बढ्दो चापलाई थेग्न खुल्ला चौर बाहेक हामीसाग अर्को विकल्प छैन ।" अत्यधिक चापकै कारण जिल्लाभरमा प्रावि तहका विद्यार्थीले सरकारबाट पाउने नि:शुल्क पाठ्यपुस्तक पाउन सकेका छैनन् । शैक्षिक सत्र सुरु भएको चार महिना बितिसक्दा पनि धेरैको हातमा पुस्तक परेको छैन ।

भर्ना तथा स्वागत अभियानका दौरानमा यहाँ १४ हजार ४४ छात्रा र १६ हजार ८१ छात्र गरी जम्मा ३२ हजार १ सय ५६ बालबालिका कक्षा १ मा मात्र भर्ना भएका छन् । ठूलो संख्यामा भर्ना भएका विद्यार्थीहरूलाई उचित संयोजन गरी पढाउन सकिएन भने भर्ना अभियानको नकारात्मक सन्देश नजाला भन्न सकिन्न । विद्यालय सञ्चालनको दायित्व सरकारको मात्र हो भन्दै समुदाय पन्छन मिल्दैन । त्यसैले समुदाय, सरकारसँग होस्टेमा हैंसे गरी शिक्षाबाट वञ्चित बालबालिकालाई पढाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

**● मनोज पौडेल, कपिलवस्तुमा**

## हाम्रो भनाई

### शिक्षक कोटा थप

**गत वैशाखमा सरकार र शिक्षामा कार्यरत गैरसरकारी संस्थाहरूको पहलमा देशव्यापी रूपमा विद्यालय अभियान सञ्चालन भएको थियो। एक अनौपचारिक अनुमानअनुसार, सो अभियानबाट करीब थप दुई लाख विद्यार्थी विद्यालयमा भर्ना हुनआए। पर्याप्त तयारीविना गरिएको यो 'क्याम्पेन'बाट थप दुई लाख बालबालिका विद्यालय आउनु आफैंमा सुखद् कुरा हो।**

**तर, पर्याप्त कक्षाकोठा र शिक्षकको अभावमा पहिलोपटक विद्यालय आएका कैयन् बालबालिकाले विद्यालय छाड्न थालेको समाचार प्रकाशमा आएका छन्। खासगरी तराईका जिल्लाहरूमा यो समस्या टड्कारो रुपमा देखापरेको पत्रपत्रिकाहरूले जनाएका छन्। शिक्षा पत्रकार समूहले बालिका भर्नाका दृष्टिले कमजोर सात तराई जिल्लामा गरेको अनुगमनबाट पनि यो कुरा भेटियो। यो ठूलो चिन्ताको विषय हो।**

**वास्तवमा यस निम्ति सरकार नै दोषी छ। किनकि यो अभियान सञ्चालन गर्दा उसले जति विद्यार्थी थपिन आउछन्, तिनलाई आवश्यक पर्ने थप कक्षाकोठा र शिक्षक दिने वाचा गरेको थियो। तर, त्यो वाचा सरकारले पूरा गरेन। जसले गर्दा पर्याप्त कक्षाकोठा र शिक्षकको ठूलो अभाव खट्कियो। बालबालिकाहरूले विद्यालमा पढ्न पाएनन्। हुन पनि सप्तरी, सुनसरी, बर्दिया,बाँकेलगायतका तराईका अधिकांश जिल्लामा एक कक्षामा एकजना शिक्षकले एकसयभन्दा बढी बालबालिकालाई धान्नुपरेको छ। केही स्कूलहरूमा त तीन सयसम्म विद्यार्थी एउटै कक्षामा कोचेर राख्नुपरेको तथ्य पनि प्रकाशमा आयो– कक्षाकोठा र शिक्षकको अभावमा। शिक्षकले लेक्चर दिएको आधारमा बुझ्ने विश्वविद्यालयमा त एउटा कक्षा कोठामा ५० जनाभन्दा विद्यार्थी राख्नु पठनपाठनका दृष्टिले उचित मानिँदैन भने प्रत्येक शिशुको मनोविज्ञानलाई ध्यानमा राखेर व्यक्तिगत 'ट्रिट' गर्नुपर्ने अवस्थाका सयबढी बालबालिकाहरूलाई एउटा शिक्षकले कसरी पढाउन सक्छ ? त्यहाा त बालबालिकाले कसरी शिक्षा ग्रहण गर्ने कुनै वातावरण नै हुादैन।**

**शिक्षा विभागको तथ्याङ्कअनुसार, प्राथमिक तहमा एकजना शिक्षक बराबर ३९ जना विद्यार्थी छन्। राष्ट्रियस्तरमा शिक्षक–विद्यार्थीको यो अनुपात आजको परिवेशमा अनुपयुक्त होइन। यसले स्पष्ट पार्छ– शिक्षकको दरबन्दी वितरण वैज्ञानिक र न्यायोचित ढङ्ले भएको छैन। अतः सरकारले दरबन्दी मिलान छिटोभन्दा छिटो गर्नु जरुरी छ। तर, यतिले मात्र पर्याप्त छैन। सरकारले जति आवश्यक छ त्यत्ति नै संख्यामा नयाा शिक्षक कोटा सृजना गरेर तुरुन्तै विद्यालयलाई दिनुपर्छ ताकि विद्यालयले आवश्यक शिक्षक छिट्टै राख्न पाओस् र विद्यार्थीहरूले स्कूल नछोडुन्।**

शिक्षा पत्रकार समूह, अनामनगर
काठमाडौंद्वारा प्रकाशित
पो.ब.नं. २१८४३, फोनः ४२५७६५५
फ्याक्सः ४२१८६८६, इमेलः bulletin@ejg.org.np
वेबसाइटः www.ejg.org.np
लेआउटः विपेन्द्र घिमिरे
सम्पादनः सुदर्शन घिमिरे

# आवश्यक छ शिक्षा मन्त्रालयमा सुधार

शिक्षाको नीति नियम बनाउने र कार्यान्वयन गर्ने केन्द्रीय निकाय शिक्षा मन्त्रालय हो। शिक्षा मन्त्रालय आफू नीति नियम त बनाउँछ, मातहतका कार्यालय र कर्मचारीलाई निर्देशन दिन्छ तर त्यसको प्रभावकारिता, अनुगमन र उपलब्धिबारे कहिल्यै वास्ता गर्दैन। जसले गर्दा शिक्षा मन्त्रालय एउटा 'कार्यालय' भन्दा बाहेक कहिल्यै दरिलो निकायको रुपमा देखिन सकेको छैन। एकवर्ष अघि निजी विद्यालयको शुल्क निर्धारण गरिदिएको निर्देशन हालसम्म पनि कार्यान्वयन नहुनु र दुई वर्षअघि १४ विद्यार्थीलाई एसएलसीबाट वञ्चित गराउने ललितपुरको केयरटप स्कुललाई कारबाही नहुनु यसको दारुण उदाहरण हो।

एकवर्ष अघि शिक्षा मन्त्रालयले सम्पूर्ण सरोकारवालाहरू, विद्यार्थी संगठन, निजी विद्यालय सञ्चालक, अभिभावक लगायतलाई समेटेर बनाएको कार्यालयले निजी विद्यालयले लिन पाउने शुल्कलाई तीन तहमा वर्गीकरण गरेको थियो। कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रालयले पटक पटक जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दियो। आफैंले पनि सरकारले तोकेभन्दा बढी शुल्क नलिन परिपत्र र सूचना जारी गर्‍यो। तर, सरकारको त्यो निर्देशन विपरित निजी विद्यालयले मनोमानी रुपमा शुल्क उठाएर उल्टै सरकारलाई चुनौती दिइरहेका छन्। यहाँ मन्त्रालयको निर्देशनले थोरै पनि काम गर्न नसकेको प्रष्ट देखिन्छ।

त्यस्तै माध्यमिक तह दर्ता नभएको ललितपुरको केयरटप स्कुलले १४ विद्यार्थीलाई एसएलसीबाट वञ्चित गरायो। मन्त्रालयले हाल परीक्षा नियन्त्रक रहेका तत्कालीन मध्यमाञ्चल शिक्षा निर्देशक गजेन्द्रलाल प्रधानको संयोजकत्वमा छानवीन समिति गठन गर्‍यो। तर समितिले दोषी देखिएर कारवाहीको सिफारिस गरेका जिशिअसहित कसैलाई कारवाही भएन। यी घटनाहरूले शिक्षा मन्त्रालयलाई नीति नियम निर्माण र कार्यान्वयनको केन्द्रीय तहभन्दा समस्या आइपर्दा कार्यदल, समिति गठन गर्ने, नेतृत्व तहले आफ्ना निर्णय जबरजस्ती लाद्ने थलोका रुपमा बढी देखिन्छ।

शिक्षा मन्त्रालयमा सचिवको जिम्मेवारी बोकिसकेका दुई पूर्व शिक्षा सचिवहरूको अनुभवले पनि शिक्षा मन्त्रालयको हविगतलाई अझ प्रष्ट्याउँछ। उनीहरूको अनुभवमा शिक्षा मन्त्रालयमा बढी राजनीतिकरण हावी भएको छ। शिक्षा मन्त्री हुनेहरू मन्त्रालय छिरेदेखि शिक्षक सरुवा–बढुवा गरेर आफ्नो राजनीतिक पकड बलियो बनाउने काममा जोडतोडका साथ लाग्छन्। पूर्व शिक्षा सचिव खेमराज रेग्मीको अनुभव छ, "मन्त्रीहरू प्रशासनिक हस्तक्षेप गरी आफ्नो स्वार्थ अनुकूल काम गराउन खोज्छन्। त्यस्तो नगर्ने सचिवहरूलाई तुरुन्तै सरुवा गर्छन्।" यसले शिक्षा मन्त्रालयको नीति नियम कसरी निर्माण हुन्छ र बनेका नीति नियम कार्यान्वयन कसरी कुल्चिइन्छ भन्ने कुरालाई प्रष्ट्याउँछ।

### पूर्व सचिवहरूको अनुभव

पूर्व सचिव रेग्मीका अनुभवमा मन्त्रीहरू राजनीतिक उद्देश्य बोकेर मन्त्रालय छिर्छन्। खल्तीभरी शिक्षक कोटा बोकेर जिल्ला फर्किन्छन् र कार्यकर्ता रिझाउँछन्। आफ्नो अनुकूल हुनेगरी रातारात नियमावली परिवर्तन गरिदिन्छन्। रेग्मीको यो अनुभवले मन्त्रालयको नेतृत्व सम्हाल्नेहरूमा इमान्दारिता, स्पष्टता र प्रतिबद्धता देखिँदैन। निस्वार्थ रुपमा काम गर्नेहरू छैनन् भन्ने देखिन्छ। मन्त्रालयको नेतृत्व अस्वस्थ प्रतिस्पर्धामा 'हस्तक्षेप' का हिसाबमा अघि बढ्ने गरेको देखिन्छ। शिक्षा मन्त्री बन्नेहरू सबैभन्दा बढी आफन्तलाई, कार्यकर्तालाई पायक पर्ने ठाउँमा सरुवा गर्न मै धेरै समय खर्चिन्छन् भन्ने पूर्व सचिवहरूको अनुभवले प्रष्ट पार्छ। "बनेका नीति नियमलाई इमान्दारीसाथ कार्यान्वयन गर्ने हो भने शिक्षामा धेरैथोक सच्चिन्छ।" रेग्मी भन्छन्, "नीति कार्यान्वयनमा गराउन सचिवले चाहेर मात्र हुँदैन नेतृत्व त्यसमा इमान्दार नभएपछि कर्मचारीको केही लाग्दैन। नेतृत्वपंक्तिको प्रतिबद्धता सबैभन्दा ठूलो कुरा हो। मैले सचिवको पदावधि दुई वर्ष रहँदारहँदै पनि छाड्नुको प्रमुख कारण नेतृत्व इमान्दार नहुनु नै हो। सचिवको हैसियतले काम गर्न खोजे पनि नेतृत्व इमान्दार नभए केही सीप लाग्दैन भनेर मैले सचिव पद छाडें।"

माघ १९ को राजनीतिक परिवर्तनपछि शान्ति सचिवालय सरुवा गरिएका तत्कालीन शिक्षा सचिव विद्याधर मल्लिकको अनुभव पनि रेग्मीकोभन्दा खास भिन्न छैन। नीतिगत कुरामा सुधारका ठूला ठूला कुरा गरे पनि मन्त्रालयको कार्यान्वयन तह फितलो छ। सही देख्दादेख्दै चाहेर पनि मन लागेको कुरा कार्यान्वयन गर्न सकिदैंन। निजी विद्यालयको शुल्क सीमा निर्धारण गर्दा र निर्देशन दिंदा मल्लिक नै सचिव थिए। तर, त्यो निर्देशन कार्यान्वयन भएन। किन त ? सचिव मल्लिक भन्छन्, "सोझै मन्त्रालयले कारवाही गर्न सक्दैन। कारवाही गर्ने निकायले मन्त्रालयको अह्रोट मान्दैन। अह्रोट नमान्नेलाई पनि मन्त्रालयले कारवाही गर्न सक्दैन।" मल्लिकको यो कुराले सचिव भएर बस्नेहरूलाई पनि बसुन्जेल कारवाही झन्झट खेपेर किन सबैको नराम्रो बन्नु! भन्ने मानसिकता देखिन्छ। सबैको राम्रो बन्न खोज्दा प्रशासनिक संयन्त्र भताभुङ्ग भएकोप्रति चाहिं उनीहरू कहिल्यै गम्भीर हुँदैनन्।

मन्त्रालयमा रहुन्जेल सचिव मल्लिकले नीति निर्माण तह र राजनीतिक नेतृत्वपंक्ति, केन्द्रीय सरकार र स्थानीय सरकार, गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षक, निजी विद्यालय र सरकारी विद्यालयबीच ठूलो द्वन्द्व देखे। त्यसमध्ये पनि मन्त्रालयको नेतृत्वले आफ्नो अनुकूल बनाउन खोज्ने नीति नियम सबैभन्दा डरलाग्दो हुने उनले अनुभव गरे। मल्लिकको अनुभव र अभिव्यक्तिले दीर्घकालीन रुपमा शिक्षा नीति बनाउने विषयमा छलफल कम भएको देखिन्छ। शिक्षा सबै परिवारको सरोकारको विषय हो तर नेतृत्वपंक्तिमा जानेले आफ्नो 'बिर्ता' ठान्ने प्रवृत्तिले यसको धरातललाई खुम्च्याइदिएको छ।

मल्लिकले नीति कार्यान्वयन नभएकै कारण ८० देखि ८५ प्रतिशत शिक्षाको बजेट अनावश्यक खर्च भइरहेको अनुभव गरेका छन्। त्यसमध्ये पनि अनौपचारिक शिक्षालाई गरिएको लगानी त बालुवामा पानी भएको छ। "अनौपचारिक शिक्षामा भएको लगानी पूर्ण रुपले दुरुपयोग भएको छ," मल्लिक भन्छन्, "नक्कली बिल बनाएर पनि पैसा लगेका छन्।" अनियमितता भयो भनेर देख्दादेख्दै पनि मन्त्रालयलाई देखेको नदेख्यै गरेर बस्नैपर्ने त्यस्तो बाध्यता के थियो ?

नीति निर्माण र कार्यान्वयनको अनुगमन गर्ने केन्द्रीय थलो भएर पनि मन्त्रालय अपेक्षित मात्रामा गम्भीर र संवेदनशील देखिदैंन। अहिलेजस्तै लहड, हचुवा र व्यक्तिगत स्वार्थको परिपूर्तिका निम्ति बनाइने नीति नियम, गरिने निर्णय, फितलो कार्यान्वयन पक्ष र कमजोर प्रतिबद्धताले मन्त्रालयलाई सही दिशामा लादैन। पूर्व शिक्षा सचिवहरूको अनुभवको आधारमा मात्रै विश्लेषण गर्ने हो भने मन्त्रालयले उल्लेखित पक्षहरूमा तुरुन्तै गम्भीरतापूर्वक समीक्षा गरेर आफूलाई ठोस् सुधारको बाटोमा अगाडि बढ्नुपर्छ। त्यसनिम्ति सबैभन्दा पहिले आवश्यक कुरा हो– इमान्दारिता। यदि मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वमा इमान्दारिता र ठोस् प्रतिबद्धता छ भने जस्तोसुकै प्रतिकूल अवस्थामा पनि सुधार सम्भव छ॥

● **अनमोलमणि**